'राष्ट्रिय सुरक्षाका लागि ग्रिनल्याण्ड चाहिन्छ' : ट्रम्प पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २७ • अंक २०५ • २०८२ साल पुस ९ गते बुधबार (24 December, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## भारतको सबैभन्दा धनी 'भाजपा'



**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको सबैभन्दा धनी पार्टी भारतीय जनता पार्टी रहेको देखिएको छ ।

भारतको केन्द्रमा र विभिन्न राज्यमा पनि सत्तामा रहेको भारतीय जनता पार्टीको बैंक ब्यालेन्स ६ हजार ९ सय करोड भारतीय पार्टीभन्दा बढी रहेको बताइन्छ ।

यस वर्षको आरम्भमा दिल्लीमा भएको विधानसभा चुनावपछि राजनीतिक दलहरूले निर्वाचन आयोगमा बुझाएको विवरणमा यति विशाल रकम देखिएको छ ।

भाजपाको प्रतिद्वन्द्वी कांग्रेस आइसंग कुल ५३ करोड भारतीय रुपैयाँ मात्र रहेको छ । चुनावी उपस्थिति खासै नभए पनि बहुजन समाज पार्टीसँग ५ हजार ८० करोड भारु भन्दा बढीको निक्षेप यथावत छ ।

पछि अक्टोबर २४ मा निर्वाचन आयोगमा बुझाइएको चन्दा विवरण अनुसार, कांग्रेसले सन् २०२४/२५ मा ५१७ करोड भारतीय रुपैयाँ प्राप्त गरेको घोषणा गरेको छ । यो २० हजार भारतीय रुपैयाँभन्दा माथिका खुलाइएका कुल चन्दाहरूको योगफल हो ।

राजनीतिक दलहरूले उक्त रकमभन्दा कम चन्दा दिने दाताहरूको नाम खुलाउँदैनन् । दलहरूका लागि कोष संकलनका विभिन्न स्रोतहरूमा व्यक्ति, कर्पोरेट र ट्रस्टहरू पर्छन् ।

दिल्ली विधानसभा चुनावपछि आफ्नो बैंक ब्यालेन्स घोषणा गर्ने केही दलहरूमध्ये आम आदमी पार्टीको ९.९ करोड भारतीय रुपैयाँ, सीपीएमको ४ करोड भारतीय रुपैयाँ र सीपीआईको ४१ लाख भारतीय रुपैयाँ रहेको छ ।

भारतको बिहार विधानसभा चुनावपछि निर्वाचन आयोगले कुनै पनि चन्दा विवरण प्राप्त नभएको जनाइएको छ ।

### सरकार-दलबीच छलफल

## निर्वाचनमा सुरक्षा ग्यारेन्टीको माग, सर्वपक्षीय सरकारका लागि बहस

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले सरकार र दलबीच विश्वासको वातावरण बनाउने प्रयास गरेको छ । यससंगै नेकपा एमालेले निर्वाचनमा सुरक्षा ग्यारेन्टीको माग वा यसको विकल्पमा सर्वपक्षीय सरकारको लागि अघि बढ्नुपर्ने एजेण्डासमेत उठाएको छ ।

काठमाण्डुस्थित शीतल निवासमा मंगलबार प्रधानमन्त्री सुशीला कार्कीसहित नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा, नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'बीच भएको भेटवार्तामा सरकार र दलबीच विश्वासको वातावरण बनाउने प्रयास भएको छ ।

राष्ट्रपति कार्यालयले जनाए अनुसार आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचन सफल गराउन सरकार र राजनीतिक दलहरूसंग राष्ट्रपति पौडेलले आग्रह गरेका छन् । राष्ट्रपति पौडेलले देशको वर्तमान जटिल अवस्थाको निकासका लागि निर्वाचन नै उपयुक्त विकल्प भएको बताएका थिए ।

तर पूर्वप्रधानमन्त्रीसमेत रहेका उनीहरूले भने वर्तमान सरकारकै गतिविधिका कारण दलहरू निर्वाचनमा होमिन सक्ने वातावरण नभएको र अहिलेको सरकारले निर्वाचनको वातावरण बनाउन नसक्ने धारणा राखेका थिए । उक्त छलफलमा निर्वाचनमा सुरक्षाको ग्यारेन्टीसमेत गर्न सरकारले नसक्ने भएकाले सर्वपक्षीय सरकार गठन गर्नुपर्ने विषयसमेत उठेको स्रोतको भनाइ छ ।



शीर्ष तीन नेताको अनुहार नै हेर्न मन नलाग्ने बताउँदै आएकी अन्तरिम सरकारकी प्रधानमन्त्री कार्कीसमेत जेन- जी आन्दोलनपछि पहिलो पटक सहभागी भएर तीनै तीन शीर्ष नेतासँग छलफल गरिन् । प्रधानमन्त्री कार्कीले निर्वाचनका लागि वातावरण बनाउने प्रयासमा सरकार लागि परेको बताइन् । निर्वाचनको वातावरण बनाउन दलहरूसँग थप छलफल गर्ने उनले स्पष्ट पारिन् ।

दलका नेताहरुले जेनजीका माग सम्बोधन गर्न पनि प्रतिनिधि सभा आवश्यक भएकाले निर्वाचन भन्दा पनि संसद् पुनर्स्थापना गर्दा चाडो निकास निस्कने धारणा राखेका थिए । उनीहरुले दलहरुको छलफल बिना नै सरकारले पूरा गर्न नसकिने माग राखेर जेन- जी सम्झौता गरेर स्टण्ड गर्न खोजेको भन्दै आपत्ति जनाएको स्रोतको भनाइ छ । उनका शुभचिन्तकसंग प्रधानमन्त्री कार्कीले तीन दलका शीर्ष नेता बिदा हुनुपर्ने अभिव्यक्ति दिँदै आए पनि अततः सरकार र शीर्ष नेताहरूबीच वार्ताले सरकार र तीन दलबीचको दूरी पनि कम भएको छ ।

प्रधानमन्त्री र तीन दलका शीर्ष नेताको राष्ट्रपति पौडेलको छलफलपश्चात प्रधानमन्त्री बाहिरिएकी थिइन् । राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले बताए अनुसार चुनावको वातावरण बनाउन विस्तृत छलफल बालुवाटारमा गर्ने समझदारी पनि बनेको छ ।

राष्ट्रपति पौडेलले बैठकमा भने, 'देशको परिस्थिति गम्भीर र संवेदनशील भएको अवस्थामा निकास दिनका लागि चुनावको घोषणा भएको हो, यो गम्भीरतालाई ध्यानमा राखेर निर्वाचन सफल बनाउन लाग्नु हामी सबैको एक मात्र दायित्व हो ।'

एमालेका अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले शान्ति सुरक्षामाथि प्रश्न उठाए । अध्यक्ष ओलीले प्रमुख राजनीतिक दलका नेताहरूको सुरक्षाको विषय गम्भीर भएको बताए ।

उनले आफू र पूर्वगृहमन्त्री रमेश लेखकलाई स्थानहद तोक्ने, राजनीतिक दललाई निषेध गर्ने, शान्ति सुरक्षाको वातावरण नबनाई चुनाव हुन नसक्ने बताएको उनको सचिवालयले जनाइएको छ । दलहरू निर्भयपूर्वक चुनावमा जाने, उम्मेदवारले प्रचारप्रसार गर्ने, मतदाताले बिनाडर भोट हाल्ने वातावरण सरकारले ग्यारेन्टी गर्नुपर्ने ओलीको अडान थियो ।

कांग्रेसका सभापति देउवाले शान्ति सुरक्षाको विषयलाई प्रमुखताका साथ उठाएका थिए ।

त्यस्तै नेकपा संयोजक पुष्पकमल दाहाल प्रचण्डले पनि सरकारले वातावरण बनाए दलहरू चुनावमा जान तयार रहेको बताएको बताइन्छ ।

उक्त छलफलमा प्रधानमन्त्री कार्की र पूर्वप्रधानमन्त्रीसमेत रहेका तीन दलका शीर्ष नेताहरूको करिब साढे २ घण्टा चलेको थियो ।

## मधेशमा ४५ वर्षपछि बढ्यो चिसो

**टुडे समाचारदाता**

जनकपुरधाम । जाडोयाम शुरू भएसंगै दक्षिण एसियाको ठूलो क्षेत्रको रुपमा मानिने मुख्यतया पश्चिम पाकिस्तानदेखि बंगलादेशसम्मको इण्डो-गंगा भूभागलाई बाक्लो कुहिरोले ढाकेको छ ।

भारतीय उपमहाद्वीपीय क्षेत्रमा शीतलहर एक नियमित शृंखला हो । भारत अवस्थित १०३ वटा जल तथा मौसम मापन केन्द्रहरूको सन् १९६१ देखि २०१५ सम्मको अध्ययनले दक्षिण समथर भूभाग र उत्तर-पूर्वी भारतबाहेक अन्यत्र शीतलहर नियमित प्राकृतिक प्रक्रियाका रूपमा रहेको देखिन्छ ।

नेपालको तराई- मधेश क्षेत्र पनि शीतलहरबाट प्रभावित हुन्छ। यद्यपि, शीतलहर र यसको असरबारे पर्याप्त अध्ययन भएका छैनन् ।

सन् १९७१ देखि २००६ सम्म भएको एक अध्ययनले तराई क्षेत्रमा जाडोयाममा न्यूनतम तापक्रम बढ्दो क्रममा र अधिकतम तापक्रम घट्दो क्रममा रहेको देखाएको छ ।

त्यसैगरी सन् १९७५ देखि २०१० सम्मको अवधिलाई आधार मानी कोशी बेसिनमा भएको एक अध्ययनले दैनिक न्यूनतम र अधिकतम तापक्रम दुवै बढ्दो क्रममा रहेको देखाएको थियो ।

सोही अध्ययनले इण्डो-गंगा समथर क्षेत्रमा जाडो र प्रि-मनसुन सिजनको अधिकतम तापक्रम घट्दै गएको र हिउँदमा जाडो हुने दिनहरूको संख्या बढ्दै गएको देखाएको थियो । विगत साढे दुई दशकदेखि शीतलहर एक मुख्य स्वास्थ्य समस्याका रूपमा देखा परेको छ ।

तराईमा शीतलहरको शुरूवात सामान्यतया मंसिरबाट हुने देखिन्छ । मिथिला क्षेत्रका स्थानीयवासीहरूको अनुभवमा विगत वर्षहरूमा विवाह पञ्चमीको दिनबाट कुहिरोको प्रभाव शुरू हुन्थ्यो र माघ अन्त्यसम्म रहन्थ्यो । औसतमा प्रत्येक वर्ष ३० दिन शीतलहरको प्रभाव देखिन्छ ।

जनकपुरधामको जाडोयामको औसत अधिकतम तापक्रम २४.८०, न्यूनतम तापक्रम १० र औसत वार्षिक अधिकतम तापक्रम ३८.६० डिग्री सेल्सियस रेकर्ड गरिएको थियो । अर्कोतर्फ सिमरामा जाडोयामको औसत अधिकतम तापक्रम २४.५१, न्यूनतम तापक्रम ९ र औसत वार्षिक अधिकतम तापक्रम ४०.२० डिग्री सेल्सियस थियो ।

तथ्यांकहरूले तराई-मधेशका क्षेत्रहरूमा जाडोयाममा औसत दैनिक अधिकतम तापक्रममा थोरै फरक देखाएको छ । उक्त अवधिमा न्यूनतम तापक्रम सबभन्दा बढी जनकपुरधाममा रेकर्ड हुँदा सबैभन्दा कम धनगढीमा मापन गरिएको थियो ।

तराई- मधेश क्षेत्रमा जनवरी, फेब्रुअरी र मार्चमा अत्यधिक चिसो हुन्छ । सन् १९७१ देखि २०१५ सम्मको ४५ वर्षको अध्ययनले



तराई क्षेत्रमा वार्षिक रूपमा चिसो दिनको संख्या औसतमा सबभन्दा कम धनगढीमा १५.६ र सबभन्दा बढी नेपालगञ्जमा १७.९ दिन रहेको छ ।

औसत वार्षिक चिसो रातहरूको संख्या सबभन्दा कम जनकपुरमा १३ र सबभन्दा बढी भैरहवामा १७.६ दिन रेकर्ड भएको थियो ।

उक्त अध्ययनले ४५ वर्षको अवधिमा चिसो दिनहरूको संख्या नेपालगञ्जबाहेक तराई-मधेशका अन्य सबै क्षेत्रमा बढिरहेको देखाएको छ ।

विगतको तुलनामा सन् २००६ देखि २०१५ मा विराटनगर, जनकपुरधाम, नेपालगञ्ज र धनगढीमा शीतलहरका दिनमा वृद्धि भएको थियो ।

तराई क्षेत्रमा सबभन्दा बढी शीतलहरका दिन जनवरीमा भएको देखिन्छ । औसतमा १९.३, ६८.२ र १२.५ प्रतिशत शीतलहर क्रमशः डिसेम्बर, जनवरी र फेब्रुअरीमा रहने गरेको अध्ययनको निष्कर्ष छ ।

एक अध्ययनले वार्षिक औसतमा शीतलहरका दिन सबभन्दा कम धनगढीमा ११.३ र सबभन्दा बढी विराटनगरमा १६.१ दिन रहने देखाएको छ ।

तराई क्षेत्रमा शीतलहरको प्रभाव डिसेम्बरबाट शुरू भए पनि कुहिरो लाग्ने क्रम नोभेम्बरबाटै शुरू हुन्छ । कुहिरो लाग्ने र शीतलहर चल्ने दिनहरूको अध्ययन गर्दा विराटनगरमा ८० प्रतिशत दिनहरूमा एकैपटक शीतलहर र कुहिरो लाग्ने देखिन्छ ।

शीतलहर र कुहिरोबाट मानवबाहेक घरपालुवा जनावर, पञ्छी र कृषिजन्य बालीनालीमा बढी प्रभाव पर्छ । शीतलहर र कुहिरोबाट तराईमा मुख्यतः आलु र अन्य गोलभैंडा, भन्टा, खुर्सानीजस्ता तरकारी खेती प्रभावित हुन्छन्। गहुँ खेतीसमेत कुहिरोबाट प्रभावित हुने स्थानीय कृषकहरूको अनुभव छ ।

एक अध्ययन अनुसार कुहिरोले आलुमा लाग्ने डडुवा रोगका लागि उपयुक्त वातावरण तयार गरिदिन्छ । स्थानीय कृषकहरूको अनुभवमा आलु रोप्ने समयका आधारमा पनि यो रोगको प्रकोप र असर फरक हुन्छ । अक्टोबरमा रोपिएका आलुमा नोभेम्बरमा रोपिएकाभन्दा डडुवा रोगको असर कम हुन्छ। डडुवाका कारण आलु उत्पादन ५० प्रतिशतले कम हुन्छ र कतिपय स्थानमा सम्पूर्ण खेती नै नष्ट भएका उदाहरण पनि छन् ।

केन्द्रीय तथ्यांक विभागको सन् २०१७ को सर्वेक्षणले तराई-मधेश क्षेत्रमा करिब २४ प्रतिशत घरहरू शीतलहरबाट प्रभावित हुने देखाएको छ । अत्यधिक चिसोका कारण कतिपय अवस्थामा स्कुल बन्द हुन्छन्। बाक्लो कुहिरोका कारण उत्पन्न न्यून दृश्यताले सडक र हवाई यातायात समेत प्रभावित हुन्छ। सडक यातायात प्रभावित हुँदा दुर्घटना वृद्धि हुन्छ ।

शीतलहर र कुहिरोको प्रभावबाट उत्पन्न रोगहरूबाट कृषिजन्य बालीनाली बचाउन कृषकहरूले रासायनिक औषधि प्रयोग गरेको देखिन्छ ।

आलुलाई डडुवाबाट बचाउन अक्टोबरमै बीउ रोप्ने अभ्यास बढ्दै गएको छ । भूमिगत सिँचाइका स्रोतहरू जस्तै इनार, ट्युबवेलबाट प्राप्त पानीमा तुलनात्मक रूपमा सतही पानीभन्दा तातोपना बढी हुन्छ । त्यसैले शीतलहर र कुहिरोको समयमा भूमिगत स्रोतको पानीको प्रयोगमा कृषकहरूले जोड दिने गरेका छ ।

राज्यको तर्फबाट शीतलहर र कुहिरोको समयमा मानव जीवन, कृषि र पशुपन्छीको संरक्षण गर्ने ठोस कार्यक्रम लागू गर्न नसकेको स्थानीयहरूको गुनासो रहेको छ ।



## पाँच महिनामा साढे छ खर्ब व्यापार घाटा

काठमाण्डु । चालु आर्थिक वर्ष २०८२/८३ को मङ्सिर मसान्तसम्म मुलुकले कूल रू आठ खर्ब ८२ अर्ब ६९ करोड ८२ लाख २९ हजारको वैदेशिक व्यापार गर्दा रू छ खर्ब ४९ अर्ब ६८ करोड घाटा व्यहोरेको छ ।

भन्सार विभागले सार्वजनिक गरेको पाँच महिनाको वैदेशिक व्यापारको स्थिति प्रतिवेदनअनुसार यो अवधिमा रू सात खर्ब ६६ अर्ब १८ करोड ९१ लाखको आयात र रू एक खर्ब १६ अर्ब ५० करोडको निर्यात भएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात १५ दशमलव ८३ र निर्यात ५८ दशमलव १७ प्रतिशतले बढेको विभागले जनाएको छ ।

भारतसँग मात्र पाँच महिनामा रू तीन खर्ब ३९ अर्ब दुई करोडभन्दा बढी व्यापार घाटा देखिएको छ ।रासस

# आयोगद्वारा वार्षिक प्रतिवेदन पेश



**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय दलित आयोगले आर्थिक वर्ष २०८१/०८२ मा सम्पादन गरेका कामकारबाही समेटिएको पाँचौँ वार्षिक प्रतिवेदन मधेश प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णलाई बुझाएका छन् ।

प्रदेश प्रमुख कार्यालय जनकपुरधाममा आयोजित कार्यक्रममा आयोगका अध्यक्ष देवराज विश्वकर्माले नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम प्रतिवेदन पेश गरेका हुन् । प्रतिवेदनमा दलित समुदायको हकहित, संरक्षण, सशक्तीकरण तथा आयोगले वर्षभरि सञ्चालन गरेका कार्यक्रम, अनुसन्धान, अनुगमन र सिफारिसहरू समेटिएको जनाइएको छ ।

प्रतिवेदन ग्रहण गर्दै प्रदेश प्रमुख कर्णले दलित समुदायको अधिकार सुनिश्चित गर्न राज्यका सबै निकाय गम्भीर र जिम्मेवार हुनुपर्ने उल्लेख गरे । उनले संविधानले प्रत्याभूत गरेका समानता र सामाजिक न्यायका अधिकार व्यवहारमा कार्यान्वयन गर्न आयोगको भूमिकालाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।


राष्ट्रिय दलित आयोगले दलित समुदायमाथि हुने विभेद अन्त्य, सामाजिक न्याय प्रवर्द्धन तथा नीति निर्माणमा सुझाव दिन निरन्तर काम गर्दै आएको छ । आयोगको वार्षिक प्रतिवेदनलाई दलित अधिकारको अवस्था बुझ्ने महत्वपूर्ण दस्तावेजका रूपमा लिइने गरिएको छ ।

# ‘राजनीतिक दल निर्वाचनमा जान प्रतिबद्ध छन्, सरकार चुनाव गर्न तयार छ’

काठमाण्डु । सरकारका मन्त्रिहरूले मुलुकका प्रमुख राजनीतिक दलको कार्यालयमा पुगेर संवाद गरी उहाँहरूबाट उठाइएका विषय सरकारसमक्ष पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

गत भदौमा भएको जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त राजनीतिक दलका कार्यालय अवलोकन गर्ने क्रममा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा र सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले प्रमुख दलका मागका विषयमा सरकार गम्भीर रहेको बताउनुभयो । उहाँहरू सानेपास्थित नेपाली कांग्रेस, ललितपुरको च्यासलमा रहेको नेकपा(एमाले) र पेरिसडाँडास्थित नेपाली कम्युनिष्ट पार्टीको कार्यालय पुगी त्यहाँ भएको क्षतिको विवरण लिनुका साथै दलका प्रतिनिधिसँग छलफल गर्नुभयो ।

नेकपा कार्यालय पेरिसडाँडामा भएको छलफलपछि मन्त्री सिन्हाले आन्दोलनका क्रममा भागेका अधिकांश कैदीबन्दी पक्राउ र लुटिएका धेरै हतियार बरामद भएकाले सङ्गठितरूपमा अपराध हुन सक्ने कुनै सम्भावना नरहेको तथा निर्वाचनको वातावरण बन्दै गएको विश्वास दिलाउनुभयो ।उहाँले राजनीतिक संवादमार्फत निर्वाचनमा जानुको विकल्प नरहेको जनाउँदै लोकतन्त्र पुनःस्थापित गरी संविधानको मर्म र भावना प्रतिनिधिसभाको निर्वाचन गरी अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।



मन्त्री सिन्हाले भन्नुभयो, “आन्दोलनका क्रममा दलका भौतिक संरचना केकति क्षति भए, कसरी पुनर्निर्माण भएको भइरहेको छ त्यो हेर्न आएका हौँ । दलका पदाधिकारीसँगको छलफलमा निर्वाचन सुरक्षाबारे विभिन्न प्रश्न उठेका छन् । तर चुनावको विकल्प छैन भन्नेमा विवाद छैन ।”छलफलका क्रममा केही सुरक्षा र केही नेताहरूसँगको विषयको प्रश्न उठेको बताउँदै उहाँले प्रमुख दलहरूको सर्म्पक तल्लो तहसम्म भएकाले एक पटक चुनावी नारा तलसम्म पुऱ्याएर चुनावी वातावरण बनाउन अनुरोध गरिएको जानकारी दिनुभयो ।

सरकारले मन्त्री सिन्हाको संयोजकत्वमा गठित राजनीतिक वार्ता समितिले निर्वाचन आयोगको तयारी सम्बन्धमा मुख्य दलकै कार्यलयमा गएर छलफल निर्णअनुरूप उहाँहरू त्यहाँ जानुभएको हो ।मन्त्री सिन्हाले भन्नुभयो, “भदौ २३ र २४ को घटना दुर्भाग्यपूर्ण छ, यो अवस्था आउनुमा धेरै आयम छन् । धेरै जनधनको क्षति भयो, यो अस्वभाविक छ । संविधानभन्दा बाहिर गएर काम गर्न सक्दैनौँ । चुनावमा जाऔँ ।”

सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री खरेलले सरकार इमान्दारीकासाथ निर्वाचन गराउन खोजिरहेको छ भन्ने स्पष्ट सन्देश प्रवाह गर्न आफूहरू राजनीतिक दलका कार्यायले पुगेर संवाद गरेको बताउनुभयो । उहाँले भन्नुभयो, “निर्वाचनका लागि यो राजनीतिक दललाई सकारात्मक दबाब हो, हामी चुनाव चाहन्छौँ, चुनावको तयारी यो गरेका छौँ भन्ने स्पष्ट सन्देश हो ।”

निर्वाचनमा भाग लिनुहोस् भनेर सरकार राजनीतिक दलको कार्यालयमा पुगेको यो नै पहिलो पटक भएको बताउँदै सञ्चारमन्त्री खरेलले यसबाट सरकार निर्वाचन गराउन कति प्रतिबद्ध छ भन्ने स्पष्ट सन्देश हो भन्नुभयो । नेकपाको कार्यालय अवलोकनका क्रममा सो पार्टीका संयोजकले पदाधिकारीका तर्फबाट स्पष्ट कुरा आएको उल्लेख गर्दै उहाँले भन्नुभयो, “संसद् पुनःस्थापना गर्न हुँदैन, अब चुनावमै जानुपर्छ भन्नुभएको छ ।” जेनजीले उठाएका माग सम्बोधन भएन भने थप जटिलता हुनेतर्फ आफूहरूलाई भनेको उल्लेख गर्दै उहाँले नेकपाले स्पष्ट रुपमा निर्वाचनमा जानुपर्ने धारणा राखेको जानकारी दिनुभयो ।


मन्त्री खरेलले सरकार, राजनीतिक दल र जनता निर्वाचनको बाटोमा होमिनुपर्छ भन्नेमा सबै राजनीतिक दल निर्वाचनमा जानेमा सबै स्पष्ट रहेको आफूहरूले पाएको स्पष्ट पार्नुभयो । उहाँले राजनीतिक दलका नेताहरूलाई सरकार निर्वाचन गराउन प्रतिबद्ध रहेको विश्वास दिलाएको बताउनुभयो । उहाँले भन्नुभयो, “सरकारले निर्वाचनको वातावरण बनाउँछ, अब निर्धारित मितिमा चुनाव हुन्छ ।”अनुगमनका क्रममा भोलि बुधबार उक्त टोली जनमत, राप्रपा र रास्वपाको कार्यालय जाने बताइएको छ ।रासस

# घरदैलोमै सेवा दिन घुम्ती शिविर

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको मटिहानी नगरपालिकाले पालिका तथा वडाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरू जनताको घरदैलोमै पुऱ्याउने उद्देश्यले एकीकृत घुम्ती सेवा शिविर-२०८२ सञ्चालनमा ल्याएको छ ।

मटिहानी नगरपालिका द्वारा सञ्चालित उक्त एकीकृत घुम्ती सेवा शिविरको मंगलवार एक कार्यक्रमबीच मेयर हरि प्रसाद मण्डलले औपचारिक रूपमा समुद्घाटन गर्दै वडा नम्बर १ सिररियाबाट शुभारम्भ गरेका छन । सो शिविर क्रमशः नगरपालिकाको ९ वटै वडामा विस्तार गरिनेछ ।



सो अवसरमा बोल्दै नगर प्रमुख मण्डलले पालिका र वडाबाट प्रवाह हुने सेवाहरूलाई एकीकृत रूपमा जनतासमक्ष पुऱ्याउने उद्देश्यले उक्त एकीकृत घुम्ती सेवा शिबिरको आयोजना गरिएको बताए । त्यस कार्यक्रमबाट स्थानीय नागरिकहरूले आफ्नै गाउँ-टोलमै आवश्यक सेवा प्राप्त गरी प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास पनि उनले व्यक्त गरे । शिविरमा योजना सम्बन्धी अभिमुखीकरण तथा योजना सम्झौता, व्यवसाय दर्ता तथा नवीकरण, ज्येष्ठ नागरिक परिचयपत्र वितरण, अपाङ्गता परिचयपत्रका लागि दरखास्त संकलन, निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण, कृषि प्रयोजनका लागि माटो परीक्षण, कृषि मिटर सिफारिस, तरकारीको मिनी किट वितरण रहेको सेवा रहेको छ ।

यस्तै गोबर तथा गर्भ परीक्षण, पशुपन्छीसम्बन्धी परामर्श तथा औषधि वितरण, राजस्व असुली, वडाबाट प्रवाह हुने व्यक्तिगत घटना दर्तालगायतका सम्पूर्ण सेवाहरू प्रदान गरिनेछ र स्वास्थ्य बीमा सेवा पनि शिवरबाटै दिइने नगर प्रमुख मण्डलले जानकारी दिएका छन् ।

## कृषि सडक निर्माणमा तीव्रता



**टुडे समाचारदाता**

जलेश्वर । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत महोत्तरी गाउँपालिका-३ स्थित डाम्ही टोलमा स्थानीय श्रमिकहरूको सहभागितामा कृषि सडक निर्माण कार्य तीव्र रूपमा अघि बढाइएको छ ।

लामो समयदेखि बाटोको अभाव झेल्दै आएका स्थानीय कृषकका लागि यो सडक निर्माणले खेतीपातीदेखि बजारसम्मको पहुँच सहज बनाउने विश्वास लिइएको छ ।

गाउँपालिका कार्यालयका अनुसार कृषकले उत्पादन गरेको अन्न, तरकारी तथा फलफूल सहज रूपमा बजारसम्म पुऱ्याउन र कृषि सामग्री ढुवानीलाई सरल बनाउने उद्देश्यले उक्त सडकलाई कृषि सडकको रूपमा निर्माण गर्न थालिएको हो ।

यसअघि वर्षायाममा हिलो र पानी जम्ने समस्याका कारण खेतसम्म ट्र्याक्टर, टिलर तथा अन्य कृषि उपकरण लैजान समेत कठिनाइ हुने गरेको स्थानीयको गुनासो थियो । महोत्तरी गाउँपालिकाका अध्यक्ष दिलिप पाण्डेयले कृषि सडक निर्माणपछि किसानको समय र लागत दुवै बचत हुने बताए ।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सूचीकृत बेरोजगार श्रमिकहरूलाई प्राथमिकताका साथ काममा लगाइएको गाउँपालिकाले जनाएको छ । सडक सम्याउने, नाली निर्माण, माटो कटान रोक्ने तथा पानी निकासको व्यवस्था गर्ने जस्ता काममा स्थानीय श्रमिकहरू सक्रिय रूपमा संलग्न छन् ।

यसले एकातर्फ बेरोजगारलाई रोजगारी उपलब्ध गराएको छ भने अर्कोतर्फ गाउँका लागि आवश्यक पूर्वाधार निर्माणलाई पनि गति दिएको स्थानीयको भनाइ छ ।

आवश्यक बजेट व्यवस्थापन सुनिश्चित गरिएको र सडक दीर्घकालीन रूपमा उपयोगी हुने गरी निर्माण गरिने अध्यक्ष पाण्डेले दाबी गरे । कृषि सडक निर्माण सम्पन्न भएपछि डाम्ही टोलका किसानको जीवनस्तरमा सुधार आउने र समग्र ग्रामीण विकासमा सकारात्मक प्रभाव पर्ने विश्वास लिइएको छ ।

# प्रभावकारी बन्दै दिगो वन व्यवस्थापन कार्यक्रम

चन्द्रपुर । रौतहटका सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्यक्रम प्रभावकारी बन्दै गएको छ । मङ्गलबार हातेमालो सामुदायिक वन उपभोक्ता समूह चन्द्रपुर-४ र ६ ले वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनसम्बन्धी अन्तरक्रिया आयोजना गरिएको थियो ।

सो अन्तरक्रियामा चन्द्रपुर सव डिभिजन वन कार्यालयका प्रमुख अनिल महतोले दिगो वन व्यवस्थापन कार्यक्रमले हातेमालो सामुदायिक वन उपभोक्ता समूह देशकै नमूना सामुदायिक वनको रूपमा स्थापित भएको बताउनुभयो ।

सो सामुदायिक वनको कूल क्षेत्रफलको २८२ हेक्टरमध्ये २७४ हेक्टर वन क्षेत्र उत्पादनशील रहेको उहाँले जानकारी दिनुभयो । आठ वटा आवधिक खण्ड बनाएर संरक्षण गरिँदै आएको उक्त सामुदायिक वनमा बालीचक्र ८० वर्ष कायम गरेर वन संरक्षण कार्ययोजना बनाइएको वन अधिकृत महतोले जानकारी दिनुभयो ।



एक खण्डमा करिब साढे ३४ हेक्टर जङ्गल रहेको र एक खण्डलाइ १० वटा भागमा विभाजन गरी दिगो बन व्यवस्थापन कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ । चालु आर्थिक वर्षमा मात्रै साढे तीन हेक्टर वन क्षेत्रमा एक हजार ६९७ रुखमध्ये २७२ वटा रुख माउ रुखको रूपमा कायम गरिएको र बाँकी एक हजार ३२५ वटा रुख पुनःउत्पादन तथा कटानका लागि सिफारिस गरिएको छ ।

डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तकुमार साहले जिल्लामा तीन वटा सामुदायिक वन र एउटा साझेदारी वनमा दिगो वन व्यवस्थापन कार्यक्रम लागु भएको जानकारी दिनुभयो । तिलेश्वरनाथ सामुदायिक वन उपभोक्ता समूह, भोर्लेनी सामुदायिक वन उपभोक्ता समूह र हातेमालो सामुदायिक वन उपभोक्ता समूह तथा रङ्गपुर साझेदारी वन उपभोक्ता समितिमा सो कार्यक्रम लागु भएको उहाँको भनाइ छ ।

सामुदायिक वन उपभोक्ता महासङ्घ रौतहटका अध्यक्ष बेदहरी दाहालले दिगो वन व्यवस्थापन कार्यक्रम इमान्दारिताका साथ काम गरे फाइदै फाइदा हुने बताउनुभयो । हातेमालो सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रामलाल ठोकरले आफूले नेतृत्व गरेको सामुदायिक वन साल उत्पादन तथा संरक्षणमा देशमै नमूनाको रूपमा परिचित हुँदै गएको उल्लेख गर्नुभयो ।रासस

# अपाङ्गता भएका व्यक्ति नसमेटिएको अध्यादेश सच्याउन माग




काठमाण्डु । चार राजनीतिक दलका भ्रातृ सङ्गठनले निर्वाचनसम्बन्धी अध्यादेशमा अपाङ्गता भएका व्यक्तिहरू नसमेटिएको भन्दै सच्याउन माग गरेका छन् । नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी(नेकपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का भ्रातृ सङ्गठनहरूले उक्त अध्यादेश संविधानको भावना विपरित भएको भन्दै तत्काल सच्याउन माग गरेका हुन् । राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग सङ्घका अध्यक्ष माधवप्रसाद चम्लागाईं, राष्ट्रिय अपाङ्गता सङ्गठन नेपालका अध्यक्ष जगदीशप्रसाद अधिकारी, अपाङ्गता सङ्गठन नेपालका अध्यक्ष टिकाराम पराजुली र राष्ट्रिय प्रजातान्त्रिक अपाङ्ग सङ्गठनका अध्यक्ष भरतमणी भट्टले आज संयुक्त विज्ञप्ति जारी गर्दै उक्त माग गरेका हुन् ।

विज्ञप्तिमा भनिएको छ, “हाल देश प्रतिनिधिसभा निर्वाचनको तयारीमा रहेको सन्दर्भमा नेपाल सरकारले अध्यादेशमार्फत प्रतिनिधिसभा निर्वाचन ऐन, २०७४ को अनुसूचि-१ संशोधन गरी समानुपातिक उम्मेदवारको बन्द सूचीका लागि समावेशीताको आधार (क्लस्टर) पुनःनिर्धारण गरेको विषयप्रति हामी अपाङ्गता भएका व्यक्तिहरूका सङ्घ-संस्थाहरूको गम्भीर ध्यानाकर्षण भएको छ ।”

उक्त संशोधनमार्फत नेपालको कूल जनसङ्ख्याको करिब २.२ प्रतिशत हिस्सा ओगट्ने अपाङ्गता भएका व्यक्तिहरूलाई समानुपातिक प्रतिनिधित्वको स्पष्ट र अनिवार्य व्यवस्थाबाट बाहिर राखिएको भन्दै चार ओटा सङ्गठनले विरोध जनाउँदै भनेका छन् । रासस

### माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८२/०८/२५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : सुधिर महतो**
**सिम्बोल नं.:** २१७०३१६४
**रजिष्ट्रेशन नं.:** ७७१७१७५४६
**ठेगाना:जि.ध. जनकपुरधाम-१२**
**मो.नं.** ९८००८८८६५४


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** राज्यबाट मान सम्मान पाइनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
**वृष :** प्रेममा मनमुटावका साथै मनमा शंका उत्पन्न हुनेछ ।
**मिथुन :** राजनैतिक कार्यमा सफलता मिल्नेछ । रोकिएको धन हात पर्ला ।
**कर्कट :** आँटेको र ताकेको कार्य पुरा होला । आकस्मिक धन लाभ हुनेछ ।
**सिंह :** आज नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ । भुमि लाभ पनि रहला ।
**कन्या :** यात्रा गर्दा सचेत हुनुपर्नेछ । महत्वपूर्ण अवसर गुम्न सक्छ ।
**तुला :** प्रतिष्ठित काम गरेर अवसर हात पार्ने समय छ । जोशजाँगर र उमंग बढुला ।
**वृश्चिक :** छोटो दुरीको लाभदायक यात्रा हुनेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।
**धनु :** मित्रबाट विशेष सहयोग मिल्नेछ । नसोचेको ठाउँबाट धनगम हुनेछ ।
**मकर :** शुभ चिन्तकहरुको सुझावलाई बेवास्ता गर्दा दुःख पाइन सक्छ ।
**कुम्भ:** आज भाग्यले विभिन्न अवसर दिनेछ ।
**मीन :** दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



नया वर्षको स्वागतका लागि **अमेरिकामा** विद्युतिय समाग्रीबाट बनाइएको **नया वर्ष २०२६** को चित्र । तस्बिर : रासस

# वैदेशिक रोजगार व्यवसायीद्वारा सरकारी निर्णयको स्वागत

काठमाण्डु । वैदेशिक रोजगारमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरूले दिने परीक्षण शुल्क साविककै दरमा राखेपछि व्यवसायीले त्यसको स्वागत गरेका छन् ।




श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले २०८२ गत कात्तिक ३० गते शुल्क वृद्धि गरी ९ हजार ५०० बनाएको थियो । यद्यपी यसअघि ६ हजार ५०० शुल्कमा वृद्धि भएको हो । त्यो शुल्कले वैदेशिक रोजगारमा जाने कामदारलाई भार परेको भन्दै व्यावसायीहरूले चौतर्फी विरोध जनाएका थिए ।

श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले अत्यन्त चर्को शुल्क भएको महशुस गरेर कामदारको हितका लागि बृद्धि भएको शुल्क खारेज गरिएको बताउनुभयो । उहाँले अन्तराष्ट्रिय आप्रवासन दिवसको दिन अनावश्यक स्वास्थ्य परीक्षण शुल्क लिने निर्णय खारेज गरिने बताउनुभएबमोजिम मन्त्रालयले यही पुस ४ गते शुल्क वृद्धि गर्ने निर्णय खारेजी गरेको आज जारी विज्ञप्तिमा उल्लेख गरेको छ । विज्ञप्तीमा बृद्धि गरेको शुल्क खारेज गरेर साविककै शुल्क लागु हुने भनिएको छ ।

मन्त्रालयले ३४ वटा स्वास्थ परीक्षण आवश्यक भएको भन्दै ९ हजार ५०० शुल्क बनाएको भए पनि जुन गन्तव्य मुलुकहरूमा सबै जाँच गर्न आवश्यक नरहेको वैदेशीक रोजगार सङ्घका अध्यक्ष भुवनसिंह गुरुङले बताउनुभयो ।

**वृद्धि गरिएको स्वास्थ्य परीक्षण शुल्क खारेज**

वैदेशिक रोजगारमा जाने कामदारहरुको स्वास्थ्य परीक्षणवापत वृद्धि गरिएको शुल्क सरकारले खारेज गरेको छ । सो खारेजी पश्चात साविककै दरमा शुल्क कायम गरिएपछि वैदेशिक रोजगार व्यवसायीले सरकारको निर्णय स्वागतयोग्य भएको बताएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत कात्तिक ३० गते शुल्क वृद्धि गरी नौ हजार पाँच सय पुऱ्याएको थियो । त्यस अघि छ हजार पाँच सय मात्र शुल्क थियो । सो निर्णय विरुद्ध व्यवसायीहरुले विरोध जनाएका थिए । श्रम मन्त्री राजेन्द्रसिंह भण्डारीले सो शुल्क खारेज गरिएको बताउनुभयो ।

मन्त्रालयले ३४ वटा स्वास्थ्य परीक्षण आवश्यक भएको जनाउँदै शुल्क वृद्धि गरेकोमा सो आवश्यक नरहेको वैदेशिक रोजगार व्यवसायी सङ्घका अध्यक्ष भुवनसिंह गुरुङले बताउनुभयो । “सरकारले अनावश्यक श्रमिकको खर्च बढाउने काम गरेको थियो”, उहाँले भन्नुभयो, “अहिले सो शुल्क खारेज गरी श्रमिकको हितमा निर्णय गर्नु प्रशंसनीय छ ।”रासस

## निर्वाचन सफल बनाउने विषयमा मुख्य दल र सरकारबीच समझदारी

काठमाण्डु । आगामी फागुन २१ गतेको निर्वाचन सम्पन्न गर्नका लागि वातावरण बनाउने विषयमा सरकार र प्रमुख दलबीच समझदारी भएको छ ।

राष्ट्रपति भवन शीतल निवासमा मङ्गलबार अपराह्न प्रधानमन्त्री सुशीला कार्कीसहित नेपाली कांग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (एमाले)का अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक एवम् पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल‘ प्रचण्ड’सँगको छलफलमा यस्तो समझदारी जुटेको हो ।

राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार चुनावको वातावरण बनाउन विस्तृत छलफल बालुवाटारमा गर्ने समझदारी पनि बनेको छ ।“देशको परिस्थिति गम्भीर र संवेदनशील भएको अवस्थामा निकास दिनका लागि चुनावको घोषण भएको हो, यो गाम्भीर्यलाई ध्यानमा राखेर निर्वाचन सफल बनाउनेतर्फ लाग्नु हामी सबैको दायित्व हो”, राष्ट्रपति रामचन्द्र पौडेलले छलफलमा बताउनुभएको प्रेस सल्लहकार पोखरेलले भन्नुभयो ।

राष्ट्रपति पौडेलले देशको वर्तमान जटिल अवस्थाको निकासका लागि निर्वाचन नै उपयुक्त विकल्प भएको बताउँदै आगामी फागुन २१ गतेका लागि निर्धारण भएको प्रतिनिधिसभा निर्वाचनलाई सफल बनाउन प्रधानमन्त्रीसहित मुख्य तीन राजनीतिक दलका शीर्ष नेताहरूलाई आग्रह गर्नुभएको थियो ।रासस

# कांग्रेस निर्वाचनमा जान तयार छः नेता डा कोइराला



काठमाण्डु । नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले आगामी फागुनमा हुने निर्वाचनमा जान कांग्रेस तयार रहेको बताउनुभएको छ ।

सन्तनेता कृष्णप्रसाद भट्टराईको १०२औँ जन्मजयन्तीका अवसरमा ‘कृष्णप्रसाद भट्टराई केन्द्र’ले मंगलबार यहाँ आयोजना गरेको कार्यक्रममा नेता डा कोइरालाले शान्तिसुरक्षाको पूर्ण प्रत्याभूति भए कांग्रेसलाई निर्वाचनमा जान कुनै आपत्ती नभएको बताउनुभयो ।“चुनावमा जान कांग्रेस तयार छ, शान्ति सुरक्षाको प्रत्याभूति हुनुपर्छ, पाँच हजार कैदीबन्दी कारागार बाहिर रहेका छन्, ७०० भन्दा बढी प्रहरीका हातहतियार लुटिएका छन्, चुनावको नाममा धाँधली गरेर जित्ने छुट कसैलाई छैन, प्रहरीको मनोवल उच्च बनाउनुपर्छ”, उहाँले भन्नुभयो ।

निर्वाचन सम्पन्न गरेर मुलुकलाई विकास र समृद्धिको यात्रामा अगाडि बढाउनुपर्ने अहिलेको अवस्था रहेको उल्लेख गर्दै नेता डा कोइरालाले मुलुक अहिले अप्ठ्यारो अवस्थामा रहेको बताउनुभयो । पार्टीको केन्द्रीय कार्यसमितिको निर्णय ढिलो आउँदा र क्रियाशील सदस्यताको फारम गाउँगाउँसम्म पठाउन ढिला हुँदा महाधिवेशन केही ढिला हुने सम्भावना रहेको उहाँको भनाइ थियो । नेपालको राष्ट्रियता कमजोर भएको कारण गत भदौ २४ को परिस्थिति आएको नेता डा कोइरालाले बताउनुभयो । उहाँले राजनीतिक स्थिरता अहिलेको मुख्य प्राथमिकता भएको बताउनुभयो ।

नेता डा कोइरालाले कांग्रेसका संस्थापक नेता विपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, सुवर्णशम्शेर राणालगायतका नेताको बारेमा अध्ययन अनुसन्धान आवश्यक रहेको भन्दै उक्त अनुसन्धानका लागि आफ्नोतर्फबाट साथ र सहयोग हुने उल्लेख गर्नुभयो । आफूले सुशासन र भ्रष्टाचारको अन्त्यलाई प्रमुख मुद्दा बनाउँदै आएको स्मरण गर्दै अहिलेका जेनजी पुस्ताले पनि त्यही खोजेको उहाँको भनाइ थियो ।

संविधानविद् प्रा डा विपिन अधिकारीले किसुनजी विपी कोइरालाको सहयात्री, प्रजातान्त्रिक नेता, लेखक र सिद्धान्तनिष्ठ राजनीतिक व्यक्ति भएको बताउनुभयो । उहाँले कृष्णप्रसाद भट्टराई दूरदर्शी नेता भएको उल्लेख गर्नुभयो । ओशो तपोवनका संस्थापक स्वामी आनन्द अरुणले किसुनजी सरल र आदर्शवादी व्यक्ति भएको बताउनुभयो । किसुनजीको व्यक्तित्व विशाल भए पनि तीन निर्वाचनमा पराजय भोग्नु दुःखद् भएको उहाँको भनाइ थियो । उहाँले नेपालको राजनीति मूल्य मान्यता खस्कँदै गएको उल्लेख गर्दै नोट र भोटको सम्बन्ध तोड्नुपर्ने धारणा राख्नुभयो ।

सन्तनेता कृष्णप्रसाद भट्टराई केन्द्रका अध्यक्ष लोकेश ढकालले निष्ठा, सदाचार मूल्य मान्यता र आदर्श भएका नेता किसुनजीलाई कांग्रेसले सम्झन नसेकेको बताउनुभयो । कांग्रेसले नीति र नेतृत्व परिवर्तन गरेर आगामी निर्वाचनमा जानुपर्ने उहाँको भनाइ थियो ।कार्यक्रममा रवीन्द्र उप्रेती र उहाँकी धर्मपत्नी देवा उपाध्यायद्वारा लिखित ‘ किसुनजी प्रेरणादायी प्रसङ्ग’ नामक पुस्तकको विमोचन गरिएको थियो ।रासस

# ‘केन्द्रिकृत मानसिकताले परिणाम दिन सकिएन’



काठमाण्डु । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले राजनीतिक र प्रशासनिक नेतृत्वको केन्द्रिकृत मानसिकताले जनचाहनाअनुरुप परिणाम दिन नसकेको दुखेसो गर्नुभएको छ ।

फेडरालिजम् एण्ड लोकलाइजेन सेन्टरले ‘सङ्घीयता सुदृढीकरणमा राष्ट्रियसभा’ शीर्षकमा मंगलबार यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले सीमित साधनस्रोत तथा कानुनी व्यवधानले प्रदेश सरकारबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन कठिन भएको बताउनुभयो ।

मुख्यमन्त्री पाण्डेले भन्नुभयो, “प्रदेश र स्थानीय तहको अभिभावक राष्ट्रियसभाले सत्ता र प्रतिपक्षीय सोचबाट माथि उठेर समन्वयका साथ कानुन निर्माणलाई तीव्रता दिनुपर्छ ।” प्रदेश र स्थानीय तहको जनप्रतिनिधिसभाका हैसियतले एकल र साझा अधिकारको सूचीसम्बन्धी कानुन निर्माणमा राष्ट्रियसभाको अगुवाइ आवश्यक रहेको बताउँदै उहाँले प्रदेशका समस्या समाधानका लागि अग्रसर हुन अनुरोध गर्नुभयो ।

राष्ट्रियसभाका उपाध्यक्ष विमला सुवेदीले राष्ट्रियसभाको आगामी माघ ११ गते हुने निर्वाचनमा विषयविज्ञ र अनुभवीलाई उम्मेदवार बनाउन राजनीतिक दललाई बनाउन सुझाव दिनुभयो । उहाँले भन्नुभयो, “सङ्घीयता बुझेकालाई चयन गर्नुपर्छ जो समावेशी, क्षेत्रगत प्रतिनिधित्व र विषय विज्ञ पनि होस । संविधानको मर्म र भावना पनि यही हो ।”राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित समितिका सभापति मायाप्रसाद शर्माले सामाजका सबै क्षेत्रका नागरिकको प्रतिनिधित्व रहेको राष्ट्रियसभाले मुलुकलाई सङ्कट परेका बेला विभाजित नभइ निकास दिनु आजको आवश्यकता हो भन्नुभयो ।

सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापति सोनाम गेल्जेन शेर्पाले मुलुकले सङ्घीयताको अभ्यास गरिरहँदा माथिदेखि तलसम्म अधिकार प्रत्यायोजनमा समस्या भएको बताउनुभयो । विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले सङ्घीयताको प्रतीकका रुपमा रहेका प्रदेश संरचना राष्ट्रिय राजनीतिको असरबाट प्रभावित भएका बताउनुभयो ।

> “प्रदेश र स्थानीय तहको अभिभावक राष्ट्रियसभाले सत्ता र प्रतिपक्षीय सोचबाट माथि उठेर समन्वयका साथ कानुन निर्माणलाई तीव्रता दिनुपर्छ ।”

संविधानसभा सदस्य राधेश्याम अधिकारी, रामनारायण विडारी, राष्ट्रियसभाका पूर्वउपाध्यक्ष उर्मिला अर्याल, राष्ट्रियसभाका पूर्वसदस्य खिमलाल भट्टराई, पूर्वसांसद दिलकुमारी रावल, जेनजी आन्दोलनकी नेत्री जस्मिन ओझा कार्यक्रम आयोजक संस्थाका अध्यक्ष खिमलाल देवकोटा कार्यकारी निर्देशक प्रकाश पन्थ, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सचिव सीता काफ्ले, प्रदेश सुशासन केन्द्रका कार्यकारी निर्देशक गोपाल न्यौपानेले राजनीतिक नेतृत्वमा इच्छाशक्ति र कर्मचारीतन्त्रको सहयोग, सङ्घीयताको मर्म र भावना अनुरुप सङ्घको तुलनामा प्रदेश र स्थानीय तहमा महिलाको प्रतिनिधित्व कमजोर रहेको,विनियोजन बजेटअनुसार विकास खर्च हुने सुनिश्चिता नभएसम्म सङ्घीयताको सुदृढीकरण भएको जनप्रतिनिधिमूलक संस्था राष्ट्रियसभाले केन्द्र, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धलाई सुदृढ तुल्याउन क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो ।

उनान्साठी सदस्यीय राष्ट्रियसभाका एक तिहाई सदस्यका लागि आगामी माघ ११ गते निर्वाचन हुँदैछ । उक्त निर्वाचनबाट सात महिला,दुई दलित , अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक दुई र अन्य समुदायबाट सात जना चयन हुनेछन् ।रासस

# गृहमन्त्री अर्याल सुर्खेतमा

कर्णाली । गृहमन्त्री ओमप्रकाश अर्याल मंगलबार सुर्खेत आइपुग्नुभएको छ । बुधबार कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा हुने भनिएको कर्णाली प्रदेशस्तरीय सुरक्षा समितिको बैठकलाई सम्बोधन गर्न मन्त्री अर्याल सुर्खेत आइपुग्नुभएको हो ।

उहाँले भेरीगङ्गा नगरपालिका-८ सुर्खेत चिप्लेस्थित निर्माणाधिन भेरी बबई बहुउद्देश्यीय डाइभर्सन आयोजनाको निरीक्षण गर्नुभएको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिनुभयो ।सुर्खेतका प्रमुख जिल्ला अधिकारी जगदीश्वर उपाध्यायका अनुसार मन्त्री अर्यालले जिल्ला प्रशासन र सुरक्षा निकायको निरीक्षण पश्चात आवश्यक निर्देशन दिने कार्यक्रम छ । टोलीमा मन्त्री अर्यालसँगै गृह सचिव रामेश्वर दङ्गालसहित १३ सदस्य सहभागी छन् ।

बैठकमा आगामी निर्वाचनको सुरक्षा व्यवस्थापन, प्रदेशको सुरक्षा चुनौतीबारे छलफल गरिने छ । उक्त बैठकमा प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरी बल नेपालका अतिरिक्त महानिरीक्षक राजु अर्याल, नेपाली सेनाका रथी गणेशकुमार श्रेष्ठलगायतका सुरक्षा अधिकारीको सहभागिता रहने जनाइएको छ ।रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा गा.वि.स.गिद्धा वडा नं.६ हाल विदेह न.पा. वडा नं. ७ मा बस्ने सिरी यादवको नाती केशी यादवको छोरा दिनकर यादवले मेरो बुबा केशी यादवको नाउँमा लगत कायम रहेको साविक मौजे जोगियाराको सा.कि.नं.१२७९ क्षेत्रफल ०-३-१० जग्गा सर्वे नापी हुदाँ जि.ध. गा.वि.स. गिद्धा वडा नं.६ कि.नं.२८१ क्षे.फ. ०-३-१० जग्गा निजकै नाउँमा नापनक्सा भई दर्ता गर्न छुट भएकोमा बुवा केशी यादवको मिति २०५०/१२/१८ मा र आमा जिवछी देवीको मिति २०३३ साल अगावै मृत्यु भई सकेको हुनाले निजहरुको हकभोग अपुताली खाने ३ छोराहरु म निवेदक दिनकर यादव, भरत कुमार यादव र चन्देश्वर प्रसाद यादव बाहेक अन्य कोही नभएकोले भाईहरु भरत कुमार यादव र चन्देश्वर प्रसाद यादव समेतले मेरो नाउँमा दर्ता नामसारी गरी दिनका लागि मंजुरी गरेको हुँदा उक्त जग्गा म निवेदक दिनकर यादवको नाउँमा छुट जरगा दर्ता नामसारी गरी पाउँ भनी द.नं.८९४३ मिति २०८२/०८/२५ गतेमा यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारबाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०९/०८ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनुहोला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।


**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | गिद्धा | ६ | २८१ | ०-३-१० | यो जग्गा पं बस्ने केशी यादवको नम्बरी हो भनि प्रमाणित गर्ने पं. विशेश्वर उल्लेख भएको । |








**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# पूर्वाधार तयार गर्न आवश्यक

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधामले मेडिकल शिक्षा प्रारम्भ गरिसकेको छ । प्रतिष्ठानले एमबीबीएस र एमडी तर्फको कक्षा सञ्चालन गरिसकेकाले विद्यार्थीहरुका लागि आवश्यक प्रयोगशाला पनि चाहिएको छ । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट उत्पादन हुने चिकित्सकहरु पूर्ण रुपमा दक्ष हुनुपर्छ । चिकित्साशास्त्र अध्ययन गर्ने विद्यार्थीहरुले उत्कृष्ट शिक्षा प्राप्त गरे मात्र उत्कृष्ट उपचार गर्न सक्छन् । त्यसका लागि प्रतिष्ठानले सबै आधुनिक सुविधाहरु उपलब्ध गराउन आवश्यक छ । प्रादेशिक अस्पतालमा बिरामीको अत्यधिक चाप रहने भएकाले विद्यार्थीहरुलाई व्यवहारिक ज्ञानमा सहयोग पुगिरहेको छ । तर अन्य प्रयोगशालाहरु पनि आवश्यक छ । उच्चस्तरीय प्रयोगशालाहरुमा विद्यार्थीलाई प्रयोगात्मक शिक्षा दिए त्यसले ज्ञान वृद्धि गर्छ । पाठ्य पुस्तकको अध्यापनसंगै प्रयोगात्मक अध्यापनलाई महत्व दिनुपर्छ । चिकित्साशास्त्रका विद्यार्थीहरुलाई प्रयोगात्मक शिक्षाले बढी दक्ष बनाउँछ । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले देशकै उत्कृष्ट मेडिकल कलेजहरु मध्ये स्थापित हुनुपर्छ । मधेश प्रदेशमा निजी क्षेत्रबाट मेडिकल कलेजहरु सञ्चालन रहे पनि सरकारी स्तरबाट पहिलो मेडिकल कलेज मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले नै सञ्चालन गरेको छ । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रदेश सरकारले अहिले प्रयाप्त बजेट उपलब्ध गराउन आवश्यक देखिएको छ । प्राविधिक तर्फ धेरै कामहरु प्रतिष्ठानले गर्न बाँकी छ । एमबीबीएसको कक्षा सञ्चालनले स्थानीय विद्यार्थीहरु अत्यधिक लाभान्वित भइरहेका छन् । उनीहरु घरबाट नै अध्ययन गर्न पाएका छन् । तर त्यसभन्दा महत्वपूर्ण पक्ष गुणस्तरीय शिक्षा नै हो । प्रतिष्ठानले एनाटोमी प्रयोगशाला स्थापना गर्न लागेको छ । एनाटोमी प्रयोगशालाबाट मानव शरीरको संरचना, अंग प्रत्यंग, स्नायु प्रणाली, मांसपेशी, हड्डी तथा अन्य जैविक संरचना बारे व्यवहारिक ज्ञान विद्यार्थीहरुले प्राप्त गर्ने छन् । प्रतिष्ठानमा अध्ययनरत एमबिबिएस, नसिंग, पारा मेडिकल तथा अन्य स्वास्थ्य सम्बन्धी विद्यार्थीलाई लाभ पुग्ने विश्वास गरिएको छ । प्रतिष्ठान सुविधा सम्पन्न नभएसम्म यहाँ अध्ययनरत विद्यार्थीहरुले दक्षता प्राप्त गर्न सक्दैन । मधेश प्रदेशमै सञ्चालनमा रहेको जानकी मेडिलक कलेजमा अध्ययनरत विद्यार्थीहरुले डिग्री प्राप्त गरे पनि दक्षता प्राप्त गर्न नसकेको आरोप लाग्दै आएको छ । त्यसकारण पनि त्यो कलेज विद्यार्थीहरुको प्राथमिकतामा पर्दैन । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले देशकै स्वास्थ्य क्षेत्रमा मात्र नभइ छिमेकी मुलुकहरुसित समेत प्रतिस्पर्धा गर्न सक्ने दक्ष चिकित्सक उत्पादन गर्न जोड दिनुपर्छ । त्यसका लागि आवश्यक पूर्वाधारहरु निर्माणमा ढिला गर्न हुँदैन । प्रदेश सरकार सित बजेट अभाव नरहेकाले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लगानी गर्नुपर्छ । भौतिक पूर्वाधार नभए स्तरीय शिक्षा प्रदान गर्न सकिदैन । गुणस्तरीय शिक्षाका लागि सबै किसिमले अनुकुल वातावरण हुनुपर्छ । त्यसका लागि प्रदेश सरकारले आवश्यक बजेट उपलब्ध गराउनु पर्छ ।

# हिमालको चेतनाबाट विश्व मञ्चसम्म: ध्यान र नेपालको पहिचान



स्वामी आनन्द अरुण

ध्यान भारतीय उपमहाद्वीपबाटै जन्मिएको विज्ञान हो। धेरै भाषाहरूमा यसको शाब्दिक अनुवाद छैन, त्यसैले 'ध्यान' भन्नाले कुनै वस्तुमा 'फोकस' गर्नु वा 'कन्सन्ट्रेशन' भन्ने बुझिन्थ्यो। ध्यान भारतीय उपमहाद्वीपको हिमाली क्षेत्रबाट उत्पन्न भएको चेतनाको विज्ञान हो। विशेषतः यो भारत र नेपालबाट तिब्बत हुँदै चीन र पूर्वी एसियासम्म फैलिएको हो। ध्यानका लागि हिमाली क्षेत्र एक उर्वरा भूमि हो।


ध्यानका प्रथम गुरु शिव हुन्। आदिगुरु शिवको कालखण्ड १० हजार वर्ष पहिले हो कि १५ हजार वर्ष पूर्व हो, यकिन छैन। तर, शिव नै ध्यानका प्रथम गुरु हुन् भन्ने कुरामा कुनै विवाद छैन। शिवको ध्यानको संहिता 'विज्ञान भैरव तन्त्र' मा वर्णित ११२ ध्यानका विधिहरू हामीसँग भएको ध्यानको अभिलेखको पहिलो प्राचीन पुस्तक हो। तिनै ११२ ध्यानका विधिहरूको आधारमा नै अन्य गुरुहरूले ध्यानका विभिन्न पद्धतिहरू विकास गरे। बुद्धको विपश्यना र आनापानाको आधार पनि शिवको 'विज्ञान भैरव तन्त्र' नै हो।

ध्यानको जगत्मा अर्को क्रान्ति गर्ने व्यक्ति पतञ्जली हुन्। उनले ध्यानको उच्चतम अवस्था 'समाधि' सम्म पुग्ने साधनाको आठ भागमा विभक्त एक व्यवस्थित पद्धति विकास गरे। साधारणतया हामीले बुझेजस्तो शारीरिक अभ्यास र केही प्राणायाम मात्र योग होइन। त्यो हठयोग स्वात्माराम र घेरण्डले पछि विकास गरेका हुन्। योग भनेको चित्तका वृत्तिहरू रोकिएको अद्वैत बोधको अवस्था हो; स्वयंभित्र परमानन्द समाधिको अवस्था हो। यो अवस्था योगको परम लक्ष्य हो। पतञ्जलीले सामाजिक र व्यक्तिगत अनुशासन (यम, नियम) देखि शरीर र प्राणशुद्धि हुँदै चेतनालाई भित्र मोड्दै साधनाको खुड्किलो चढ्दै समाधिसम्म पुग्ने विज्ञान प्रस्तुत गरे।

त्यसपछि ध्यानको विकासमा अर्को ठुलो योगदान दिने गोरखनाथ हुन्। उनबाट ध्यानका अनेकौँ विधिहरू निस्किए। तन्त्रका जन्मदाता पनि उनी नै भए। यी तीन गुरुपछि अरू जति पनि गुरु भए, उनीहरूले यिनै गुरुहरूकै विधिहरू लिएर आफ्ना ध्यानका विधिहरू बनाएका छन्। आदरणीय गुरु एस.एन. गोयन्का, जसप्रति मेरो मनमा अति आदर छ, उहाँले आनापाना सति र विपश्यनालाई विश्वव्यापी ख्याति दिलाउनुभयो। त्यसको जति प्रशंसा गरे पनि कम हुन्छ। तर, ती सबै विधिहरू 'विज्ञान भैरव तन्त्र' मै आधारित छन्।

ती तीन गुरुपछि एक महान् क्रान्तिकारी गुरुको विगत शताब्दीमा जन्म भयो– उहाँको नाम हो ओशो रजनीश। उहाँले ध्यानलाई २१औँ शताब्दीको परिप्रेक्ष्यमा विकास गर्नुभयो र यसलाई समसामयिक बनाउनुभयो। पहिला विकास भएका ध्यानका विधिहरू आजको भन्दा भिन्न परिप्रेक्ष्यमा विकास भएका थिए। त्यतिबेला विज्ञानको यति विकास भएको थिएन। मानिसहरू शारीरिक श्रम गर्थे, घण्टौँ खेतमा काम गर्थे। महिला र पुरुष दुवैले ठुलो श्रम गर्नुपर्थ्यो। त्यसकारण त्यतिबेला निष्क्रिय प्रकारका ध्यान विधिहरू थिए। सिधै निष्क्रियतामा गएर, शान्त भई श्वासलाई कुनै बिन्दुमा फोकस गर्ने वा मनलाई कुनै एक वस्तुमा लगाएर स्थिर चित्तको विकास गरी साक्षी भावमा रहने निष्क्रिय विधिहरू प्रभावशाली थिए। २१औँ शताब्दीमा विकास भएको विज्ञान र प्रविधिबाट प्राप्त सुविधाले हाम्रो शरीर धेरै निष्क्रिय भइसक्यो। हामी अधिकांश समय कुर्सीमा बस्छौँ। शारीरिक श्रमलाई बिस्तारै मेसिन र यन्त्रले विस्थापित गरिरहेको छ। यसले हाम्रो शरीरलाई कमजोर बनाएको छ।

त्यसैले ओशोले ध्यानको जगत्मा महान् क्रान्ति के गर्नुभयो भने उहाँले युग सुहाउँदो र समयसापेक्ष ध्यानका नवीनतम विधिहरू खोज गर्नुभयो र 'सक्रिय ध्यान' (ब्अतष्खभ ःभमष्तबतष्यल) का विधिहरू बनाउनुभयो। उहाँले क्याथारसिस (रेचन), नृत्य र शारीरिक प्रक्रियामा आधारित ध्यानका विधिहरू दिनुभयो। अहिलेको मनुष्य मानसिक रोग, तनाव, चिन्ता र विषादबाट पीडित छ। उसको अचेतनमा अनेक कुण्ठा दबेर बसेका छन्। मनलाई शान्त बनाउने निरापद् तरिकाहरूबाट वञ्चित मनुष्यको अचेतन मनमा यी दबेका संवेगहरूले समय-समयमा आत्महत्या वा सामूहिक हत्याजस्ता विस्फोटक रूप लिन्छन्। तिनले अनेक देखिने र नदेखिने समस्याहरू ल्याउँछन्।



त्यसैले ओशोले रेचन (क्याथारसिस) मा आधारित सक्रिय ध्यान बनाउनुभयो। सुरुका दिनहरूमा विश्वभरि नै उहाँको आलोचना भयो। 'ध्यान पनि यसरी उफ्रेर, चिच्याएर, नाचेर, गाएर कसरी हुन्छ? ध्यान त निष्क्रिय भएर गर्ने कुरा हो, सक्रिय ध्यान भन्ने नामै ठीक भएन' भन्दै आलोचना गरियो। ओशोले लोकमत र पुरातनपन्थीहरूको विरोधको कहिल्यै चिन्ता गर्नुभएन। उहाँले यसको वैज्ञानिकताको व्याख्या गर्नुभयो। आज ओशोले सक्रिय ध्यान बनाउनुभएको ५५ वर्ष भइसक्यो। अब बिस्तारै विश्वले यसलाई मान्यता दिइरहेको छ।

आज 'एक्टिभ मेडिटेशन' खेलकुदका अनेक विधामा, मनोचिकित्सामा र स्वास्थ्यका अनेक आयामहरूमा प्रयोग भइरहेको छ। ओशोका कुण्डलिनी ध्यान, डाइनामिक ध्यान, चक्र ध्वनि, चक्र ब्रिदिंग जस्ता विधिहरू नियमित प्रयोगमा छन्। धेरैले यी ध्यानहरूको नाम परिवर्तन गरी वा ओशोको नाम नलिई आफ्ना पद्धतिहरू बनाइरहेका छन्। सैनिक, प्रहरी र व्यावसायिक तालिमका कार्यक्रमहरूमा यी ध्यानले मानिसलाई छोटो समयमा तनाव र कुण्ठाबाट मुक्त भएको अनुभूति गराउँछन्। आधुनिक मनुष्यको मनको गहन समझ र क्रान्तिकारी कदमबाट विकसित सक्रिय ध्यानहरूको महत्ता बुझाउन ५५ वर्ष लाग्यो। हामीलाई पनि नेपालमा यो कुरा बुझाउन लगभग त्यति नै समय लाग्यो। तर, अब बिस्तारै मानिसहरूले बोध गर्न थालेका छन् कि सक्रिय ध्यान आजको आवश्यकता हो। २१औँ शताब्दीमा आनापाना, विपश्यना वा जेन जस्ता निष्क्रिय ध्यानहरू सक्रिय ध्यान गरिसकेपछि मात्र राम्रोसँग गर्न सकिन्छ। सक्रिय ध्यान शारीरिक र मानसिक स्वास्थ्यका लागि अब चुनावको विषय होइन, अनिवार्य भएको छ।

पहिला ध्यान जोगीहरूले मात्र गर्ने काम हो भन्ने ठानिन्थ्यो। केही बौद्धिक व्यक्तिहरूले निष्क्रिय ध्यानका अभ्यास गर्थे। आधारभूत रूपमा समाज गृहस्थ र संन्यासीमा विभाजित थियो। गृहस्थले पूजापाठ गर्ने र जोगीहरूको सेवा गर्ने तथा जोगीहरूले ध्यान गर्ने र गृहस्थलाई आशीर्वाद दिने संस्कृति थियो। ओशोले त्यसलाई पनि तोडिदिनुभयो। उहाँले 'गृहस्थ संन्यासी' वा 'कर्म संन्यासी' बनाउनुभयो। यस्ता संन्यासीहरूले घरमै बसेर ध्यानका गहन प्रयोग गर्न सक्ने भए। घर छोडेर हिमालका कन्दरा वा जङ्गलतिर भाग्नु परेन। आफ्नो घरकै ध्यान कक्षमा साधना सम्भव भयो। यो ओशोको दोस्रो क्रान्ति हो। ध्यान दैनिक व्यवहारमै मिसिन थाल्यो।

सुरुका दिनमा नेपालको जेलमा हाम्रा स्वयंसेवकहरूले गाएर योग र ध्यान गराउनुहुन्थ्यो। त्यसबेला जेलमा रहेका माओवादी र वामपन्थी झुकावका नेताहरू शारीरिक व्यायाममा त बस्नुहुन्थ्यो तर ध्यान सुरु भएपछि उठेर जानुहुन्थ्यो। उहाँहरूलाई ध्यान गर्नु भनेको धर्म मान्नुजस्तै लाग्थ्यो। अहिले पनि ध्यान धार्मिक व्यक्तिले मात्र गर्ने हो भन्ने धारणा छ। तर, सच्चा धार्मिक व्यक्ति को हो? अरूप्रति प्रेम, अहिंसा र सहानुभूतिको भाव राख्ने र यो विश्वलाई अलिकति सुन्दर बनाउन चाहने व्यक्ति नै सच्चा धार्मिक हो। हामी चन्दन-टीका लगाउने वा रातो वस्त्र लगाउने वा गुफामा बस्नेलाई मात्र धार्मिक भन्दैनौँ। जो अरूको पीडा बुझ्छ र आफ्नो जीवन रूपान्तरण गर्न चाहन्छ, उही धार्मिक हो। ध्यान धर्ममा विश्वास नगर्ने व्यक्तिका लागि पनि त्यत्तिकै महत्त्वपूर्ण छ। शान्त मन, स्वस्थ मस्तिष्क र तन्दुरुस्त शरीर त सबैलाई चाहिन्छ। त्यसैले अहिले मुस्लिम देशहरूमा पनि योगको भव्य स्वागत भइरहेको छ। पहिला विदेशमा ध्यान शिविर सञ्चालन गर्दा 'नेपालबाट आएर हामीलाई हिन्दु बनाउन लागिएको छ' भन्ने गुनासो सुनिन्थ्यो। यो भ्रम अब 'विश्व ध्यान दिवस' ले तोड्दै छ। अब मुस्लिम, इसाई र कम्युनिस्ट देशहरूमा ध्यानप्रति रहेको भ्रम हट्दै जानेछ।

झन्डै १० वर्षदेखि मैले एउटा कुरा लगातार उठाउँदै आएको थिएँ– अन्तर्राष्ट्रिय ध्यान दिवसको प्रस्ताव अघि बढाउनुअघि नेपालले आफैँ 'राष्ट्रिय ध्यान दिवस' घोषणा गरोस्। त्यसपछि अन्य बौद्ध देशहरूसँग समन्वय गरेर संयुक्त राष्ट्रसङ्घमा यो प्रस्ताव राखोस्। ध्यान दिवसको नेतृत्व नेपालले लिएमा अन्तर्राष्ट्रिय स्तरमा नेपालको सम्मान बढ्ने र नेपाललाई 'ध्यानको राजधानी' का रूपमा परिचित गराउने अवसर मिल्नेछ। भारतले 'अन्तर्राष्ट्रिय योग दिवस' को नेतृत्व गर्दा विश्वभर उसको जुन प्रतिष्ठा बढेको छ, नेपालले पनि ध्यानमार्फत त्यस्तै महिमा प्राप्त गर्न सक्छ।

मैले विगतका सबै प्रधानमन्त्रीलाई भेटेर ध्यान दिवसको महत्त्व बुझाउने दस्ताबेजहरू प्रस्तुत गरेको थिएँ। बुद्धले ध्यानबाटै निर्वाण प्राप्त गरेको हुनाले सुरुमा 'बुद्ध जयन्ती' कै दिन ध्यान दिवस मनाउने प्रस्ताव राखिएको थियो। तर, बौद्ध मित्रहरूले बुद्ध जयन्तीको आफ्नै छुट्टै महत्त्व भएकोले ध्यान दिवस अर्कै दिन मनाउन उपयुक्त हुने सुझाव दिनुभयो। संयुक्त राष्ट्रसङ्घमा इस्वी संवत्को निश्चित तारिख चाहिने भएकोले अङ्ग्रेजी महिनाको कुनै मिति तय गर्ने कुरा चल्यो।

सौभाग्यवश, सन् २०२४ अक्टोबरमा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले लुम्बिनी भ्रमण गर्नुभयो। तत्कालीन उपप्रधानमन्त्री श्री नारायणकाजी श्रेष्ठ, जो ओशो तपोवन र मेरो अभिन्न मित्र हुनुहुन्छ, उहाँले मेरो आग्रह सुनिदिनुभयो र महासचिव गुटेरेस समक्ष विश्व ध्यान दिवसको प्रस्ताव राख्नुभयो। महासचिवलाई यो विचार समयसापेक्ष लाग्यो र उहाँले सकारात्मक रूपले अगाडि बढाउने आश्वासन दिनुभयो। अन्ततः २९ नोभेम्बर २०२४ मा संयुक्त राष्ट्रसङ्घको साधारण सभामा सङ्कल्प प्रस्ताव पेस भयो र ७ डिसेम्बरका दिन डिसेम्बर २१ लाई 'विश्व ध्यान दिवस' मनाउने निर्णय पारित भयो। यो सफलता प्राप्त भएकोमा हामी सबै नेपालीलाई गर्व छ।

भारतको 'आयुष मन्त्रालय' ले परम्परागत चिकित्सा र योगको प्रवर्द्धन गरेझैँ नेपालले पनि आयुर्वेद, योग, ध्यान र प्राकृतिक चिकित्सालाई एकीकृत रूपमा विकास गर्ने मन्त्रालय स्थापना गर्नुपर्छ। यसले हाम्रो मौलिक संस्कृतिको उत्थान गर्नेछ र विश्वमा नेपालको छुट्टै पहिचान बनाउनेछ।

विगत ३५ वर्षमा ओशो तपोवनमा ११० देशका मानिसहरूले ध्यान साधना गरी दीक्षा लिइसकेका छन्। प्रत्येक वर्ष ६०-७० देशका मानिसहरू यहाँ आउँछन् र प्रशिक्षक बनेर फर्कन्छन्। योगको राजधानी ऋषिकेशलाई मानिएझैँ नेपाललाई 'ध्यानको राजधानी' का रूपमा विकसित गर्न सकिन्छ। नेपालका लागि ध्यान कुनै आयातित संस्कृति होइन, यो हाम्रो माटोमा उम्रेको मौलिक पहिचान हो। बुद्ध जन्मभूमि लुम्बिनी र हाम्रो योग-तन्त्रको लामो परम्परालाई विश्वसामु चिनाउन राष्ट्रिय नीति बनाई 'ध्यान एकेडेमी' स्थापना गरिनुपर्छ। यसो भएमा नेपाल ध्यानको एक आकर्षक अन्तर्राष्ट्रिय गन्तव्य बन्न सक्छ।रातोपाटी

# कहिले हट्ला शेयर बजारको ग्रहण ?



रिसव गौतम

बढ्नु पर्ने शेयर बजार घट्दो क्रममा छ । नेपाल राष्ट्र बैंकले आफनो मौद्रिक नीतिलाई निरन्तर लचिलो बनाउँदै लैजाँदा पनि बजार बढ्न सकेको छैन । अहिले बजार झर्दा झर्दा शेयर बजार परिसुचक २,५८१ अंकको विन्दुमा आइपुगेको छ ।

नयाँ गर्भनरमा प्रा.डा विश्व पौडेल आइसकेपछि शेयर बजार लगानीकर्ताका धैरै मागहरु पुरा गरिएका थिए । नीतिगत रुपमा अहिले शेयर बजारलाई बाधा-ब्यवधानहरु छैनन् । बैंक तथा वित्तिय संस्थाहरुको ' ब्यालेनसिट' पनि अघिल्लो आर्थिक बर्ष भन्दा सुधारिँदै गएका हुन् । अघिल्लो आर्थिक बर्षमा ब्याज तथा किस्ता रकम नउठ्ने समस्याले बैंकहरु आक्रान्त थिए । खराब कर्जा बढेको थियो । त्यसमा पनि गत आर्थिक बर्षदेखि सुधार देखिन थालेको हो । फलस्वरुप पनि यस बर्ष बैंकहरुले थोरै भएपनि लाभाम्शं घोषणा गरिरहेका छन् । लाइफ इन्स्योरेन्स कम्पनीहरुले त यस बर्ष आर्कषक लाभाम्सं घोषणा गरिरहेका छन् । लघुवित्त कम्पनीहरुले पनि राम्रै हिसावको लाभाशं घोषणा गरिरहेका छन् । उर्जा कम्पनीहरुमा त्यति चार्मिङ नदेखिए पनि होटल तथा अन्य क्षेत्रहरुको पनि अवस्था त्यति नराम्रो होइन । यद्यपी उर्जा क्षेत्र देशले आश गरेको सम्बृद्धिको आधारशिला हो । यस क्षेत्र आजभन्दा १० बर्ष अघिसम्म एक दर्जनभन्दा बढी नेप्सेमा सुचिकृत थिएनन् । आज ९७ वटा जलविधुत कम्पनी नेपाल स्टक एक्चेन्जमा सुचिकृत छन् । देशले विधुत निर्यात बढाउँदै लगेको छ । कम्पनीहरुले निर्माणको चरणमा ऋणपान गरेरै विधुत उत्पादन गृह बनाएकाले सोको भारले भनेजस्तो लाभासं दिन सक्ने अवस्थामा पुगिसेका छैनन् ।

तर हालैको जेनजी आन्दोलन पछि होटल पर्यटन क्षेत्रमा जेनजी विद्रोहको नकारात्मक असर परेको हो । तरपनि पर्यटन आगमन बढ्न थालेकै छ । र, पनि अर्थतन्त्रको ऐनाको रुपमा हेरिने शेयर बजारको प्रतिबिम्ब अंध्यारो छ । शेयर बजार दिनहुँ जसो ओरालो मात्र लागि रहेको छ । आखिर किन त ? के कारण घटिरहेको छ त शेयर बजार ? त्यसलाई केलाउने प्रयासमा आलेख केन्द्रित छ ।

### पुराना दलहरुको अति राजनीति

वास्तम्बमा जेनजी आन्दोलन पछि शेयर बजारको नुर गिरेको हो । त्यसअघि २९ सय अंक नजिक पुगिसकेको शेयर बजार परिसुचक हठा्त भएको जेनजी आन्दोलन र त्यसपछिको परिस्थीतिले उच्च अंकले घटेको हो । राष्ट्र बैंकले नयाँ आर्थिक बर्ष ०८२-८३ को लागि मौद्रिक नीति मार्फत शेयर बजारलाई जब प्रोत्सहनकारी नीति ल्यायो । त्यहि ताका नै आन्दोलन सुरु भयो । फलस्वरुप बजारले अहिलेको परिस्थीति भोगिरहेको छ । जेनजी आन्दोलन भएको १०० दिन वितिसकेको छ । चुनाब गराउन गठित अन्तरिम सरकारले हनिमुन अवधि पार गरिसकेको छ । तर चुनाब हुनेमा शंसय उत्तिकै कायम छ । किनकी ठुला भनिएका काँङग्रेस र एमाले जस्ता दलहरुको अति राजनीतिले चुनाबी वातावरण बन्न सकेको छैन । उनीहरु भन्नलाई चुनाबाट भाग्दैनौ भनिरहेका छन् । निर्वाचन आयोगमा दल दर्ता, समानुपातिक सुचि दर्ता पनि गरिरहेका छन् । तर उनीहरुको मुल ध्येय सर्वोच्च अदालतबाट संसद पुर्नरस्थापना गर्ने कसरतमा छ । उनीहरुले जेनजी विद्रोहलाई विद्रोह नै मानिरहेका छैन । त्यो आन्दोलनलाई आन्दोलन नै मानिरहेका छैनन् । फगत २४ गतेको घटनालाई फलाकिरहेका छन् । २३ गतेको घटना र त्यसको जिम्मेवारी उनीहरुले शक्ता संञ्चालकको हिसावले लिनै मानिरहेका छैन । त्यसकारण जेनजी आन्दोलन पछि पनि काँङग्रेस एमालेको परिवर्तन नभएको सोच, अति राजनीतिले शेयर बजारका लगानीकर्तालाई




अन्यौल बनाएको छ । उनीहरु निर्वाचन भएर देशमा स्थीरता र शान्तिपुर्ण ब्यवसायिक वातावरण आउनेमा ठुक्क हुन सकेका छैनन् । बरु आगामी दिनहरु झन् बढी संकटपुर्ण पो हुने होकि भन्ने ठानिरहेका छन् । त्यसकारण लगानीकर्ता त्रसित छन् ।अन्यौलग्रस्थ छन् । त्यसमाथी जेनजी आन्दोलन ताका शक्ताको बागडोर सम्हालेका, आन्दोलनको उत्कर्षमा डरत्रासले ज्यान जोगाउन हेलिकप्टर चढेर भागेकाहरुको नै स्वोर ठुलो हुँदै आएको छ । उनीहरु नै पार्टीमा झन् शक्तिशाली भएका छन् । अनि त शेयर लगानीकर्ताले आगामी दिन झन् संकटपुर्ण हुने ठान्ने नै भए । काँङगेस सभापति शेरबहादुर देउवा जेनजी आन्दोलन पछि विछिप्त भएर पार्टीमा कार्यवाहक जिम्मेवारी पुर्णबहादुर खड्कालाई दिएका हुन् । अहिले त उनै सक्रिय हुँदै आएका छन् । कार्यबाहक दिएर करिव राजनीतिबाट विदा लिएझै गरेर सिंगापुर उपचारमा गएका देउवा फर्किसकेका छन् । सो पार्टीले महाधिबेशनसम्म गर्न सकेको छैन । बरु जेनजी आन्दोलन ताका शक्ता साझेदार दल एमालेसँग मिलेर काँङग्रेस पनि संसद पुर्नरस्थापनाका लागि दौडिरहेको छ । बहुमत पुवसासंदहरुको हस्ताक्षर गराएर सार्वेच्चमा पुरक रिट लैजाँदै छन् । अर्थात जेनजी आन्दोलनले जस-जसलाई आउट भनेको थियो, उनीहरु नै इन भइरहेका छन् । तिनै बुढा पुराना र सदिऔंदेखि शक्ताको तालाचाबी लिएर बसेकाहरु हावी भएछि नयाँ भनिएकाहरु रुष्ट छन् । एकथरी फागुन २१मै चुनाब चाहन्छन् अर्काथरी संसद पुर्नरस्थापना गरेर पुरानो विरासद फर्काउन चाहन्छन् । यही घम्साघम्सीमा ब्यवसायिक क्षेत्र परेको छ । चन्दा आतंक, डरत्रास र धम्कीहरु बढीरहेका छन् । यस्तो अवस्थामा शेयर बजारको नुर गिर्नु स्वभाविक हो ।

### बढ्दो अराजकता

पुराना राजनीतिक दलहरुको अति-राजनीति त भयो नै । नयाँ कतिपयहरुबाट अराजकता पनि बढी रहेको देखिन्छ । जस्तो एकातिर निर्वाचन घोषणा भएको छ भने अर्कोतिर सडकमा दिनहुँ आन्दालन भइरहेका छन् । आन्दोलन र हडतालको धम्की बहुधुर्बबाट आइरहेका छन् । शान्ति र स्थायित्वका कुरा भन्दा देश ठप्प पार्ने कुरामा धैरैको जोड छ । जेनजी आन्दोलनकै क्रममा पनि २३ गते घट्ना भड्किएपछि २४ गते देशका धैरै संघ संस्था, नीजि क्षेत्रका उद्योग कलकारखानामा आगजानी भए । सो विद्रोहको क्रममा ८४ अर्ब हाराहारी नोक्सानी भएको आँकलन छ । तथ्याकंमा ८४ अर्ब नोक्सानी भएपनि विश्वले देखेको सो आगजानी, लुटपपाट तथा तोडफोड घटनाले देशमा ब्यवसायिक मनोवल गिराएको छ । ब्यवसायिक वातावरण खल्बलिएको छ । विदेशी लगानीकर्ताहरु नेपालमा लगानी गर्न डराउने अवस्था सिर्जना भएको छ । होटल तथा पर्यटन उद्योगहरुमा नकारात्मक असर परेको छ । उद्यम ब्यवसाय गर्न बैंकहरुमा ऋण लिन जानेहरुसम्म हच्कीएका छन् । भोली के हुने हो भनेर डराइरहेका छन् । यस्तैमा बिमा कम्पनीहरुले पनि दाबी भुक्तानी खुलेर गरिरहेका छैनन् । ब्यवसायिक माहौल भत्किएको छ । अराजकता बढेको छ । चन्दा, आतंक तथा विभिन्न नामका धाकधम्कीले व्यवसायिक जगत आक्रन्त छ । शान्ति सुरक्षाको वातावरण खलल भएको छ । लुटिएका हतियार सबै फिर्ता भएका छैनन् । भागेका कैदीबन्दी सबै समातिएका छैनन् । त्यसकारण अराजकताको अवस्था अधापी कायम छ । फलस्वरुप शेयर लगानीकर्ताहरुको मनोबल उठ्न सकेको छैन ।

अन्त्यमा, माथी उल्लेखीत अवस्थाका विच पनि लगानीकर्ताहरुले सकारात्मक सोचका साथ अघि बढ्नु पर्ने आवश्यक छ । चुनाब गर्ने वातावरण बनाउन सबैले सहयोग गर्न आवश्यक छ । सरकारलाई चुनावी वातावरण बनाउने, दलहरु चुनाबमा जाने अवस्था सिर्जना गराउन ब्यवसायीहरुको तर्फकबाट पनि पहल हुनुपर्छ । तोकिएकै समयमा चुनाब हुँदा सबै कुराको सामाधान मिल्नेछ भने चुनाब सर्यो वा नहुने अवस्था सिर्जना भयो भने त्यसको मार सबै क्षेत्रमा पर्नेछ । त्यसकारण चुनाब गराउनेमा सबैको सहयोग अपरिहार्य छ ।

गौतम आर्थिक लेखक तथा विश्लेषक हुन् ।

# महान्यायाधिवक्ता कार्यालयले न्याय प्रणालीलाई प्रभावकारी बनाउँदै लगेको छ : प्रधानन्यायाधीश




काठमाण्डु । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले महान्यायाधिवक्ता कार्यालयले फौजदारी न्याय प्रणालीलाई प्रभावकारी बनाउँदै लगेको बताउनुभएको छ।

महान्यायाधिवक्ता कार्यालयको ७५औँस्थापनादिवसका अवसरमा आयोजना गरेको कार्यक्रममा उहाँले महान्यायाधिवक्ता कार्यालयले अभियोजनमा सुधार हुँदै गएको र अझै वैज्ञानिक ढङ्गले अनुसन्धान तथा अभियोजन गर्नुपर्ने बताउनुभयो । उहाँले न्याय सार आदेश र फैसलामा मात्रै नभई कार्यान्वयन महत्त्वपूर्ण विषय भएको तथा न्यायमा सहज पहुँच बनाएमा अभियोजनमा राम्रो हुने स्पष्ट पार्नुभयो । उहाँले अहिलेको नागरिक प्रश्न सोध्ने र समाज जवाफ दिने भएकोले यसलाई स्वभाविकरूपमा लिएर अघि बढनुपर्ने जरुरी भएको बताउनुभयो ।

अनुसन्धान सुष्म, गहिरो, प्रभावकारी भएन भने न्याय ठीक ठाउँ नपर्ने उल्लेख गर्दै प्रधानन्यायाधीश राउतले सभ्य समाज निर्णयमा न्यायको दियो प्रज्वलित हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले कानुनी प्रणालीले विधि र प्रक्रियाअनुसार अनुसन्धानलाई वस्तुनिस्ट, सुक्ष्म तरिकाले गर्दा मात्रै सफल हुने बताउनुभयो । उहाँले महान्यायाधिवक्ता कार्यालयको अभियोजन सुधार र व्यावसायिक सफलताको कामनासमेत गर्नुभयो।

सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्लले जनतालाई न्यायको केन्द्रविन्दुमा राखेर पीडितलाई न्याय दिने तरिकाले अभियोजन सुधार गर्नुपर्ने बताउनुभयो। उहाँले संविधानले मुद्दा चलाउने वा नचलाउने भन्ने जिम्मेवारीसमेत दिएको बताउनुभयो ।वरिष्ठतम् न्यायाधीश मल्लले अहिले जटिल परिस्थितिबाट न्यायालय अगाडि बढिरहेको र सुधारको चाहनालाई लिएर भएको जेनजी पुस्ताको मागलाई ध्यान दिनुपर्ने जरुरी भएको बताउनुभयो ।उहाँले डिजिटल प्रविधिको नवयुग प्रवेश गरिरहेको हुनाले यसलाई सही कसरी प्रयोग गर्ने र डिजिटलबाट हुने अपराधलाई न्यूनीकरणमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

> वरिष्ठतम् न्यायाधीश मल्लले अहिले जटिल परिस्थितिबाट न्यायालय अगाडि बढिरहेको र सुधारको चाहनालाई लिएर भएको जेनजी पुस्ताको मागलाई ध्यान दिनुपर्ने जरुरी भएको बताउनुभयो ।

महान्यायाधिवक्ता सविता बरालले सात दशकदेखि महान्यायाधिवक्ता कार्यालयले फौजदारी न्याय प्रणालीलाई निरन्तर सुधार गर्न लागिरहेको बताउनुभयो । उहाँले सरकारी वकिलको कार्यालय अभियोजन गर्ने निकाय भएकाले बढी जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो।

लोकसेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले महान्यायाधिवक्ता सरकारको कानुनी सल्लाहकार भएको हुनाले अभियोजनमा प्रभाव पर्छ कि पर्दैन भन्ने जिज्ञासा राख्नुभयो। उहाँले जिल्ला न्यायाधीशमा सरकारी वकिलले नाम निकाल्न सफल भएको र ५० प्रतिशतभन्दा बढी महिला भएको जानकारी गराउनुभयो।

नेपाल बार एशोसिएशनका अध्यक्ष प्रा डा विजयप्रसाद मिश्रले गरिबले न्याय पाउने गरि काम गर्नुपर्ने र फौजदारी अभियोजनमा सुधारमा सफलताको शुभकामना व्यक्त गर्नुभयो। उहाँले जनताको न्यायमा ध्यान दिन प्रेरित गरोस भन्ने शुभकामना व्यक्त गर्नुभयो।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले विधिको शासन, अभियोजन प्रणालीलाई व्यवस्थित बनाइ प्रविधिमैत्री तरिकाले काम गरिरहेको बताउनुभयो । उहाँले महान्यायाधिवक्ता कार्यालय र नेपाल प्रहरीबीच सोच, सहकार्य तथा समन्वयमा प्रभावकारी तरिकाले काम गरिरहेको उल्लेख गर्नुभयो ।नायव महान्यायाधिवक्ता सञ्जीवराज रेग्मीले फौजदारी अभियोजन सुधारमा काम गरिरहेको उल्लेख गर्दै गत भदौ २३ र २४ गते १९ कार्यालय क्षति भएको भए पनि अहिले मर्मत गरी कार्य सञ्चालनमा आएको जानकारी दिनुभयो।

सो अवसरमा 'सर्वोत्कृष्ट सरकारी वकिल' को सम्मान सहन्यायाधिवक्ता अच्युतमणि न्यौपानेलाई प्रदान गरिएको छ भने १३ जना सरकारी वकिल र कर्मचारीलाई उत्कृष्ट कार्यसम्पादनमा पुरस्कार तथा सम्मान गरिएको थियो। प्रधानन्यायाधीश राउतले उक्त पुरस्कार तथा सम्मान प्रदान गर्नुभयो।

सर्वोत्कृष्ट सरकारी वकिल सहन्यायाधिवक्ता न्यौपानेले सम्मानले काम र कर्तव्यमा थप उर्जा र जिम्मेवारी थपिएको अनुभव राख्नुभयो। कार्यक्रममा प्रधानन्यायाधीश राउतले महान्यायाधिवक्ता कार्यालयले प्रकाशित स्थापना दिवस विशेषाङ्क विमोचन गर्नुभएको थियो ।रासस

# नयाँ नेतृत्वका साथ कांग्रेस चुनावमा सहभागी हुनुपर्छ : नेता पौडेल



काठमाण्डु ।नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री प्रदीप पौडेलले पार्टीको १५औँ महाधिवेशन सम्पन्न गरेर नयाँ नेतृत्वका साथ कांग्रेस आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा सहभागी हुनुपर्ने बताउनुभएको छ।

मंगलबार बिहान सञ्चारकर्मीसँगको अन्तरक्रियामा उहाँले महाधिवेशनबाट नयाँ नेतृत्व चयन गरी जेनजी आन्दोलनको भावनाअनुसारको नीति र पार्टीलाई चलायमान बनाइ पार्टी निर्वाचनमा होमिनुपर्नेमा जोड दिनुभयो। कांग्रेसले यही पुस २६ देखि २९ गतेसम्म काठमाडौँमा १५औँ महाधिवेशन गर्ने निर्णय गरेको छ ।उहाँले तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्नु नै जेनजी आन्दोलनको भावना र चाहना भएको बताउँदै कांग्रेसको प्राथमिकता पनि संसद् पुनःस्थापना नभई निर्वाचन नै भएको उल्लेख गर्नुभयो । साथै उहाँले निष्पक्ष, स्वतन्त्र र धाँदलीरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सरकारले आवश्यक वातावरण मिलाउन माग गर्नुभयो।

उहाँले भन्नुभयो, "महाधिवेशनको तालिका अलि व्यावहारिक भएन, केही तलमाथि होला, तर आमनिर्वाचन अघि महाधिवेशन सम्पन्न गर्नैपर्छ ।"पार्टी सभापति शेरबहादुर देउवाले पदाधिकारीसहित नेताहरुलाई आगामी महाधिवेशन समयमै गर्न स्पष्ट रुपमा निर्देशन दिइसक्नुभएको र चाँडै नेतृत्व हस्तान्तरण गर्न चाहेको नेता पौडेलले जानकारी दिनुभयो । पार्टीको १४औँ महाधिवेशनमा आफूले महामन्त्रीमा प्रतिस्पर्धा गर्दा सफलता प्राप्त नभएको बताउँदै १५औँ महाधिवेशनमा पनि महामन्त्री पदमै प्रतिस्पर्धा गर्ने जानकारी गराउनुभयो ।रासस


## धनौजी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### धनौजी, धनुषा
### मधेश प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र स्वीकृति गर्ने आशयको सूचना

**प्रकाशन मिति: २०८२/०९/०९**

यस कार्यालयबाट मिति २०८२/०८/०४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सूचना बमोजिम e–GP मार्फत म्यादभित्र रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरुमध्ये न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही तपशिल बमोजिमको दरभाउपत्रदाताहरुको दरभाउपत्रहरु स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण दरभाउपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि. नं. | सिलवन्दी दरभाउपत्र नं. | कामको विवरण | स्वीकृतिको लागि छनोट भएको दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.क र पि.एस.सहित) |
|---|---|---|---|---|
| १. | DRM/SQ/WORKS/01- 2082/83 | Goth tolema adhuro dihbar mandir nirman | Prince Construction, Dhanushadham-06 | रु.१२,४४,५०७.३५ |
| २. | DRM/SQ/WORKS/02-2082/83 | Sarsawati Ra.Pra.Bi.Jhojhi Kataiyako adhuro 2ta Truss Bhawan ra Boundary wall Nirman | Kuwar Construction, Chhireshwornath-05 | रु.१२,४२,३६३.२५ |
| ३. | DRM/SQ/WORKS/03-2082/83 | Basudev Ma.Bi.ko Boundary Wall Nirman | Dibyanshu nirman sewa, Janakpur-16 | रु.१२,७३,२६१.९६ |
| ४. | DRM/SQ/WORKS/04-2082/83 | Jhojhi toleko bibhinna thauma Krishi sinchaiko lagi Boring jadan | Mannat Construction & Suppliers, Haripurwa-05 | रु.११,३३,३९०.०० |
| ५. | DRM/SQ/WORKS/05-2082/83 | Wada No.3 Jhojhi tolema Sanjib yadav tolema Ram Narayan Mukhiya ko ghar samma PCC Dhalan | Kuwar Construction, Chhireshwornath-05 | रु.८,९४,८०९.७२ |

(प्रमुख प्रशासकीय अधिकृत)


# नक्कली शैक्षिक प्रमाणपत्र प्रयोग गरेको आरोपमा प्रहरी वरिष्ठ उपरीक्षकविरुद्ध मुद्दा दायर

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक प्रमाणपत्र प्रयोग गरी नेपाल प्रहरीमा सेवा प्रवेश तथा बढुवा लिएको आरोपमा प्रहरी वरिष्ठ उपरीक्षक लालबाबु गिरीविरुद्ध विशेष अदालतमा आरोपपत्र दायर गरेको छ।

आयोगका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले गिरीविरुद्ध मंगलबार विशेष अदालतमा आरोपपत्र दायर गरिएको जानकारी दिनुभएको हो । आयोगद्वारा जारी विज्ञप्तिमा गिरीले सन् १९८८ मा भारतको विहार स्कुल एक्जामिनेशन बोर्ड, पटनाबाट 'एसएलसी' उत्तीर्ण गरेको भनी पेस गरेको शैक्षिक प्रमाणपत्र नक्कली रहेको पुष्टि भएको उल्लेख गरिएको छ । उक्त नक्कली शैक्षिक प्रमाणपत्रकै आधारमा गिरीले २०५० सालमा त्रिभुवन विश्वविद्यालयबाट र २०६३ सालमा पूर्वाञ्चल विश्वविद्यालयबाट शैक्षिक योग्यता हासिल गरेको अनुसन्धानबाट खुलेको पनि जनाइएको छ । सोही प्रमाणपत्र प्रयोग गरी उहाँले विसं २०५२ मङ्सिर १६ गते नेपाल प्रहरीको प्रहरी नायब निरीक्षक (प्राविधिक) पदमा नियुक्ति लिई क्रमशः बढुवा हुँदै हाल प्रहरी वरिष्ठ उपरीक्षक पदसम्म पुगेको आयोगको दाबी छ ।नक्कली प्रमाणपत्रका आधारमा ओहोदा, तलब, सुविधा तथा विभिन्न तालिमसमेत लिएको देखिएको भन्दै आयोगले गिरीविरुद्ध साविक भ्रष्टाचार निवारण ऐनअनुसार सजाय मागदाबी गरेको छ ।रासस

# मन्त्रीद्वयद्वारा नेपाली कांग्रेसको कार्यालय निरीक्षण



पाटन । उद्योग, वाणिज्य तथा आपूर्ति; कानुन, न्याय तथा संसदीय मामिला, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हा र सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार अजयभद्र खनालसहितको टोलीले नेपाली कांग्रेसको क्षतिग्रस्त केन्द्रीय कार्यालयको निरीक्षण गरेको छ।

निरीक्षणपछि मन्त्री सिन्हाले विभिन्न कालखण्डमा राजनीतिक निकास निकालेको नेपाली कांग्रेसले वर्तमान परिस्थितिमा पनि देशलाई निकास दिन पहल गर्नुपर्नेमा जोड दिनुभयो।

"दलहरू पनि देशलाई राजनीतिक निकास दिनेतर्फ लाग्नुपर्छ, अहिले देश सङ्कटमा छ, हामीले सहमति गर्ने हो, हामी निर्वाचनमा केन्द्रित भइसकेका छौँ, सरकारले के कस्तो वातावरण बनाउनुपर्छ, राजनीतिक दलको अपेक्षा र सुझाव पनि सरकारलाई आवश्यक छ", मन्त्री सिन्हाले भन्नुभयो ।मन्त्री खरेलले प्रतिनिधिसभा निर्वाचनको वातावरण बनाएको उल्लेख गर्दै सरकार र प्रमुख राजनीतिक दलबीच संवाद जारी राखेको बताउनुभयो।

उहाँले भन्नुभयो, "सरकारले बोलाएको वार्तामा सहभागी भएर नेपाली कांग्रेसले सहयोग गरिरहेको छ, चुनावलाई कसरी निष्पक्ष बनाउन सकिन्छ भनेर हामीले सबै राजनीतिक दलसँग छलफल गरिरहेका छौँ । चुनावको वातावरण बनाउन सरकारले हरसम्भव प्रयास गरिरहेको छ। का निम्ति विश्वसनीय वातावरण पनि बनाउँछ ।" निर्वाचनको वातावरण बनाउन सरकारले सरोकार भएका सबै पक्षसँग वार्ता गरिरहेको मन्त्री खरेलको कथन थियो।

मन्त्री खरेलले जेनजी आन्दोलनमा नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा भएको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रधानमन्त्री सुशीला कार्कीको चाहनाअनुसार पार्टी कार्यलय भवन कसरी पुनर्निर्माण भइरहेको छ भन्ने जानकारी लिन आफूहरू आएको बताउनुभयो।

मन्त्रीद्वयलाई स्वागत गर्दै नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले निर्वाचन निष्पक्ष हुनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "हामी सबै मिलेर निर्वाचनमा जानुपर्छ। सबै दलको दृष्टि चुनावमा हुनुपर्छ ।" टोलीलाई सहमहामन्त्री बद्रीप्रसाद पाण्डे, कोषाध्यक्ष उमेश श्रेष्ठ, भीष्मराज आङ्दम्बे, महालक्ष्मी उपाध्याय, पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेललगायत पदाधिकारीले आन्दोलनमा भएको क्षतिबारे जानकारी दिनुभएको थियो।

**मन्त्रीहरुद्वारा एमाले कार्यालय निरीक्षण**

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री, कानुन न्याय तथा संसदीय मामिला तथा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हा, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदिश खरेल र प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार अजयभद्र खनालले संयुक्त रुपमा आज ललितपुर च्यासलस्थित नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालयको निरीक्षण गरेका छन्।

जेनजी आन्दोलनका क्रममा आगजनी र तोडफोड भएको पार्टी कार्यालयको निरीक्षण गरेको सञ्चारमन्त्री खरेलले जानकारी दिनुभयो। अनुगमनपछि सञ्चारकर्मीसँग बोल्दै उहाँले निर्वाचनको वातावरण सरकारले मिलाउने भएकाले एमालेलाई निर्वाचन आउन आग्रह गरिएको बताउनुभयो। उहाँले चुनावमा भाग लिने एमालेबाट आएको प्रतिबद्धता सरकारले सकारात्मक रुपमा लिएको बताउनुभयो।

उहाँले स्थान हदको विषय सरकारको आफ्नो कार्यक्षेत्र, विधि, प्रक्रिया र कानुन जे हुन्छ, त्यसको अधीनमा रहेर मिलाउनुपर्ने र सबै वातावरण मिलाएर सरकार अगाडि बढ्ने बताउनुभयो । "हतियारहरु बाहिर छन फिर्ता भए कि भएनन् । रासस


## Invitation for Bids

## Matihani Municipality
### Office of the Municipal Executive
### Dhirapur, Mahottari

**Date of publication:-2082/09/09**

1. Eligible Bidders may obtain further information at the Office of Municipal Executive, Matihani Municipality, Ph. No. +977-9851140767 or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidders should deposit the cost of bidding document (Rs. 3,000.00) in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   - I. **Name of the Bank:** Machchhapuchre Bank Ltd., Dhirapur, Matihani
   - II. **Name of Office :** Matihani Municipality
   - III. **Office Code no. :** 801021807
   - IV. **Rajaswa (revenue) :** Ga-1-1 0600060869300121
   - V. **Dharuti(Deposit) Account no. :** Ga-3- 0600060869300041
3. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security which shall be valid for 30 beyond the validity period of the bid.
4. Pre-Bid Meeting shall be held on 2082/10/02, 13.00 PM at Matihani Municipality, Dhirapur, Mahottari
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Matters not covered here shall be in accordance with Prevailing Public Procurement Act 2063, Public Procurement Regulations 2064, and latest guidelines of PPMO.

**Matihani Municipality invites electronic bids from Nepalese eligible bidders**

| S. N. | Contract ID | Name of project | Bid Document price | Estimated cost NRs (including VAT) | Bid security Amount NRs | Bid submission last Date & Time | Bid opening Date & time |
|---|---|---|---|---|---|---|---|
| 1. | 10/M-Mun/B/NCB/082/083 | Construction work of Faijul Gurwa Madarsa Aadharbhoot School Building matihani-2 (Bardaha) | 3000 | 1,28,63,095.21 | 3,65,000/- | 2082/10/09 12:00 Hrs | 2082/10/09 14:00 Hrs |

**Chief Administrative Officer**

# ‘राष्ट्रिय सुरक्षाका लागि’ ग्रिनल्यान्ड चाहिन्छ : ट्रम्प

एएफपी

कोपनहेगन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकालाई ‘राष्ट्रिय सुरक्षाका लागि’ ग्रिनल्यान्ड आवश्यक रहेको कुरा पुनः दोहोऱ्याउनुभएको छ । डेनमार्कको आर्कटिक स्वायत्त टापु ग्रिनल्यान्डका लागि विशेष दूत नियुक्त गरेपछि कोपनहेगन र वासिङ्टनबीच नयाँ कूटनीतिक विवाद चर्किएको हो ।

ह्वाइट हाउसमा पुनः फर्किएपछि राष्ट्रपति ट्रम्पले बारम्बार ग्रिनल्यान्ड रणनीतिक र सुरक्षा कारणले अमेरिकाका लागि अत्यन्त महत्त्वपूर्ण रहेको बताउँदै आउनुभएको छ । उहाँले बल प्रयोग गरेर ग्रिनल्यान्ड नियन्त्रणमा लिने कुरालाई अस्वीकार गर्नुभएको भए पनि अमेरिकालाई उक्त क्षेत्र ‘आवश्यक’ रहेको दाबी गर्दै आउनुभएको छ ।

आइतबार राष्ट्रपति ट्रम्पले लुइसियानाका गभर्नर जेफ ल्यान्ड्रीलाई ग्रिनल्यान्डका लागि विशेष दूत नियुक्त गर्नुभएको थियो । यस कदमले डेनमार्कमा तीव्र प्रतिक्रिया निम्त्यायो र डेनिस सरकारले अमेरिकी राजदूतलाई स्पष्टीकरणका लागि बोलाएको थियो ।

सोमबार फ्लोरिडाको पाम बिचमा पत्रकारहरूसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले स्पष्ट शब्दमा भन्नुभयो, “हामीलाई ग्रिनल्यान्ड राष्ट्रिय सुरक्षाका लागि चाहिन्छ, खनिजका लागि होइन ।” उहाँले ग्रिनल्यान्ड वरपर रूसी र चिनियाँ जहाजहरूको उपस्थिति बढेको उल्लेख गर्दै यसले अमेरिकाको सुरक्षामा गम्भीर चुनौती सिर्जना गरेको धारणा व्यक्त गर्नुभयो । “हामीलाई राष्ट्रिय सुरक्षाका लागि यसको आवश्यकता छ, यो हाम्रो नियन्त्रणमा हुनुपर्छ”, उहाँले भन्नुभयो ।

विशेष दूत नियुक्त भएसँगै जेफ ल्यान्ड्रीले ग्रिनल्यान्डलाई ‘अमेरिकाको एक भाग’ बनाउने अभिव्यक्ति दिएपछि विवाद अझ चर्किएको हो । यसको कडा प्रतिक्रिया स्वरूप डेनमार्ककी प्रधानमन्त्री मेट्टे फ्रेडरिक्सन र ग्रिनल्यान्डका प्रधानमन्त्री जेन्स-फ्रेडरिक निल्सनले संयुक्त विज्ञप्ति जारी गर्दै ग्रिनल्यान्ड ग्रिनल्यान्डकै भएको स्पष्ट गर्नुभयो । “कुनै पनि देशले अर्को देशलाई विलय गर्न सक्दैन”, भन्दै उहाँहरूले संयुक्त क्षेत्रीय अखण्डताको सम्मान गर्न आग्रह गर्नुभयो ।

डेनमार्कका विदेशमन्त्री लार्स लोक्के रासमुसेनले यो कदमबाट आफू ‘गहिरो रूपमा आक्रोशित’ भएको बताउँदै वासिङ्टनलाई डेनमार्कको सार्वभौमसत्ताको सम्मान गर्न कडा चेतावनी दिनुभयो । उहाँले नियुक्ति र त्यससँग सम्बन्धित अभिव्यक्तिहरू ‘पूर्ण रूपमा अस्वीकार्य’ भएको जनाउँदै अमेरिकी राजदूतलाई विदेश मन्त्रालयमा बोलाएर स्पष्ट ‘रेड लाइन’ को जानकारी गराइएको बताउनुभयो ।



यस विषयमा युरोपेली सङ्घ (इयु) ले पनि डेनमार्कप्रति ‘पूर्ण ऐक्यबद्धता’ व्यक्त गरेको छ । युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयन र युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टाले क्षेत्रीय अखण्डता र सार्वभौमिकता अन्तर्राष्ट्रिय कानूनका आधार भूत सिद्धान्त भएकोमा जोड दिनुभएको छ ।

डेनमार्क र ग्रिनल्यान्ड दुवैका नेताहरूले यसअघि नै ग्रिनल्यान्ड बिक्रीका लागि नभएको र आफ्नै भविष्य निर्णय गर्ने अधिकार त्यहाँका जनताकै भएको स्पष्ट गर्दै आएका छन् । जनवरीमा गरिएको एक सर्वेक्षणअनुसार ग्रिनल्यान्डका करिब ५७ हजार बासिन्दा डेनमार्कबाट स्वतन्त्र हुन चाहन्छन्, तर संयुक्त राज्य अमेरिकाको हिस्सा बन्न चाहँदैनन् ।

वासिङ्टनको तर्क अनुसार उत्तर अमेरिका र युरोपको बीचमा अवस्थित ग्रिनल्यान्ड रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण छ । यहाँ दुर्लभ पृथ्वी खनिजको ठूलो भण्डार रहेको छ र ध्रुवीय बरफ पग्लँदै जाँदा नयाँ अन्तरर्राष्ट्रिय ढुवानी मार्ग खुल्ने सम्भावनाले यसको महत्त्व अझ बढाएको छ । साथै, ग्रिनल्यान्ड रुस र अमेरिकाबीच मिसाइलको सबैभन्दा छोटो मार्गमा पर्ने भएकाले सैन्य दृष्टिले पनि संवेदनशील मानिन्छ ।

हाल अमेरिकाको ग्रिनल्यान्डमा सैन्य आधार रहेको छ र सन् २०२० मा त्यहाँ वाणिज्य दूतावाससमेत खोलिएको थियो । ट्रम्प प्रशासनअन्तर्गत ग्रिनल्यान्डप्रतिको अमेरिकी चासो बढ्दै जाँदा, अफगानिस्तान र इराक युद्धमा अमेरिकासँगै लडेको नाटो सहयोगी डेनमार्क यस घटनाक्रमबाट स्तब्ध बनेको देखिन्छ । यही सन्दर्भमा कोपनहेगनले जनवरीमा आर्कटिक क्षेत्रमा आफ्नो सैन्य उपस्थिति सुदृढ गर्न दुई अर्ब डलर बराबरको योजना सार्वजनिक गरेको छ ।

**मदुरोमाथि ट्रम्पको दबाब**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोले पदबाट राजीनामा दिनु ‘बुद्धिमानी’ हुने धारणा व्यक्त गर्नुभएको छ । अमेरिकी नौसेनाले भेनेजुएलाको तेल सम्पत्तिमाथि नाकाबन्दी कडा बनाउँदै दबाब बढाइरहेका बेला ट्रम्पको यो अभिव्यक्ति आएको हो ।

मदुरोले करिब १२ वर्षदेखि सत्ता सम्हालिरहनुभएको सन्दर्भमा पत्रकारहरूले उहाँलाई राजीनामा दिन बाध्य पार्ने उद्देश्य हो कि भन्ने प्रश्न सोध्दा ट्रम्पले निर्णय मदुरो स्वयंको हातमा रहेको बताउनुभयो । ट्रम्पले ‘उहाँले त्यसो गर्नु बुद्धिमानी हुनेछ’ भन्दै चेतावनीपूर्ण शैलीमा प्रतिक्रिया दिनुभयो । ट्रम्पले मदुरोले कडा अडान लिएको खण्डमा त्यो अन्तिम पटक मात्र हुने चेतावनीसमेत दिनुभयो ।

यसको जवाफमा भेनेजुएलाका राष्ट्रपति मदुरोले ट्रम्पलाई आफ्नै देशको घरेलु समस्या–विशेषगरी आर्थिक र सामाजिक चुनौती–मा ध्यान केन्द्रित गर्न सुझाव दिनुभयो । सार्वजनिक टेलिभिजनमार्फत सम्बोधन गर्दै मदुरोले अमेरिकाले आफ्ना आन्तरिक मामिलाहरू सम्हाल्न सके विश्व समुदायका लागि पनि सकारात्मक सन्देश जाने धारणा राख्नुभयो ।

यसैबीच, भेनेजुएलाका प्रमुख सहयोगी रुसले मदुरो सरकारप्रति ‘पूर्ण समर्थन’ दोहोऱ्याएको छ । युक्रेन युद्धमा व्यस्त रहेको मस्कोले बढ्दो सङ्कटबारे छलफल गर्न संयुक्त राष्ट्र सुरक्षा परिषद्को बैठकको पूर्वसन्ध्यामा आफ्नो समर्थन सार्वजनिक गरेको हो । रूसी विदेश मन्त्रालयका अनुसार विदेशमन्त्री सर्गेई लाभ्रोभ र भेनेजुएलाका समकक्षी इवान गिलबीच फोन वार्ता भएको थियो, जसमा अमेरिकी कारबाहीको कडा आलोचना गरिएको छ ।रुसी पक्षले क्यारेबियन सागरमा अमेरिकी गतिविधि बढेकामा गहिरो चिन्ता व्यक्त गर्दै यसले क्षेत्रीय स्थिरता र अन्तर्राष्ट्रिय ढुवानीमा गम्भीर असर पार्न सक्ने चेतावनी दिएको छ । साथै, वर्तमान परिस्थितिमा भेनेजुएलाको नेतृत्व र जनताप्रति पूर्ण ऐक्यबद्धता व्यक्त गरिएको छ ।

अमेरिकाले सेप्टेम्बरदेखि क्यारेबियन र पूर्वी प्रशान्त क्षेत्रमा लागुऔषध तस्करीको आरोप लगाउँदै डुङ्गामाथि आक्रमण थालेको जनाएको छ । तर, भेनेजुएलाका परिवार र सरकारका अनुसार ती कारबाहीमा १०० भन्दा बढी मानिस मारिएका छन्, जसमा निर्दोष माझीहरू पनि परेका छन् । पछिल्लो आक्रमणमा पूर्वी प्रशान्त महासागरमा रहेको एक सानो जहाजमा प्रहार हुँदा एकजनाको मृत्यु भएको अमेरिकी सेनाले जनाएको छ ।

गत हप्ता ट्रम्पले भेनेजुएलाबाट आउने-जाने ‘प्रतिबन्धित तेल जहाज’ रोक्ने घोषणा गर्नुभएको थियो । उहाँले काराकासले तेलको आम्दानी लागुऔषध आतङ्कवाद, मानव बेचबिखन, हत्या र अपहरणमा प्रयोग गरिरहेको आरोप लगाउनुभयो । यसको प्रतिउत्तरमा भेनेजुएलाले अमेरिकामाथि शासन परिवर्तन खोजेको र अन्तर्राष्ट्रिय पाइरेसी गरेको आरोप लगाएको छ ।रुस र चीनले भेनेजुएलाको आग्रहमा संयुक्त राष्ट्र सुरक्षा परिषद्को बैठक बोलाउने प्रस्तावलाई समर्थन गरेका छन् । मस्कोको विज्ञप्तिमा अन्तर्राष्ट्रिय मञ्च, विशेषगरी संयुक्त राष्ट्रसङ्घमा आपसी समन्वय बढाउने सहमति भएको उल्लेख छ ।

यसैक्रममा भेनेजुएलाका विदेशमन्त्री गिलले टेलिग्राममार्फत क्यारेबियन क्षेत्रमा अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन, गैरन्यायिक हत्या र अमेरिकी समुद्री कारबाहीबारे छलफल भएको जानकारी दिनुभएको छ । उहाँका अनुसार लाभ्रोभले भेनेजुएलाविरुद्धको शत्रुताको सामना गर्न रुसको पूर्ण समर्थन पुनः पुष्टि गर्नुभएको छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले भने भेनेजुएलालाई रुसले दिएको समर्थनलाई कम आँक्दै, रुस युक्रेन युद्धमा व्यस्त भएकाले वासिङ्टन चिन्तित नभएको टिप्पणी गर्नुभएको छ । युक्रेन युद्धको समाधान नआउँदा ट्रम्पले मस्कोप्रति असन्तुष्टि व्यक्त गरेसँगै अमेरिका-रुस सम्बन्धमा तनाव देखिएको छ ।यसै सन्दर्भमा, राष्ट्रपति मदुरोले संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूलाई सम्बोधन गर्दै पठाएको पत्र राज्य टेलिभिजनमा पढेर सुनाइएको छ, जसमा अमेरिकी नाकाबन्दीले विश्वव्यापी रूपमा तेल र ऊर्जाको आपूर्तिमा गम्भीर असर पार्ने चेतावनी दिइएको छ ।

## खेलाडी र दर्शकको क्रिकेट लगावः
# विश्वकपमा छनोट हुने मुख्य आधार



कीर्तिपुर । नेपाली महिला क्रिकेट टिमका नवनियुक्त मुख्य प्रशिक्षक हर्षल पाठकले नेपाली खेलाडीका साथै नागरिकस्तरमा समेत रहेको लगाव नेपाली टोली विश्वकपमा छनोट मुख्य आधार रहेको बताउनुभएको छ ।

नेपाल क्रिकेट सङ्घ क्यानद्वारा मंगलबार आयोजित अन्तर्क्रियामा मुख्य प्रशिक्षक पाठकले घरेलु दर्शकको अपार मायाका कारण नेपाली टोलीलाई जित्नका लागि खेल्ने प्रेरणा मिलिरहेको बताउनुभयो । आफूले यसअघि थाइल्यान्डको प्रशिक्षक रहँदा विपक्षी रूपमा पनि राम्रोसँग हेरेको बताउँदै उहाँले नेपाली टोली विश्वकपमा छनोट हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “नेपाली टोलीमा खेलेरै सिक्ने अद्भूत क्षमता छ ।”

नेपाल क्रिकेट सङ्घ क्यानले आसन्न आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोटलाई लक्षित गरेर पहिलोपटक विदेशी मुख्य प्रशिक्षकका रूपमा पाठकलाई नियुक्त गरेको थियो ।“नेपाली टोलीमा राम्रो गर्नसक्ने क्षमता पनि छ । विश्वकपमा छनोट हुने सम्भावना राम्रो नै देखेको छु”, मुख्य प्रशिक्षक पाठकले भन्नुभयो । राम्रो योजना बनाएर कार्यान्वयन गर्न सके नेपाली महिला क्रिकेट टोलिले उत्साहपूर्ण नतिजा दिनसक्ने भनाइ उहाँको थियो ।

क्यानका क्रिकेट प्रबन्धक विनोद दासले पाठक आगामी दुई वर्षका लागि महिला टोलीको प्रशिक्षक नियुक्त गरिनुभएको जानकारी दिनुभयो । भारतीय मूलका पाठकले सन् २०१८ देखि सात वर्षसम्म थाइल्यान्डको प्रशिक्षक रहँदा एसिया छनोट र ग्लोबल छनोट दुवै पार गराएर थाइल्यान्डलाई पहिलोपटक महिला टि-२० विश्वकपमा पुऱ्याउनुभएको थियो ।रासस

# क्रिकेट खेलाडी धामी बिज एजुकेशनका ब्रान्ड एम्बासडर

काठमाण्डु । क्रिकेट खेलाडी हेमन्त धामीलाई ‘बिज एजुकेशन’ले ब्रान्ड एम्बासडरका रूपमा अनुबन्ध गरेको छ । उनलाई तीन वर्षका लागि ब्रान्ड एम्बासडरका रूपमा अनुबन्ध गरिएको हो ।

क्रिकेटर धामी र बिज एजुकेशनका संस्थापक तथा प्रबन्ध निर्देशक हरि कार्कीले सोमबार सम्झौतामा हस्ताक्षर गरेका छन् । प्रबन्ध निर्देशक कार्कीले यो साझेदारी केवल ब्रान्ड प्रवर्द्धनका लागि नभइ युवाहरूको दीर्घकालीन विकास र जिम्मेवार मार्गदर्शनका लागि भएको उल्लेख गरे । उनले नेपालमा क्रिकेट खेलमा उल्लेखनीय विकास भएको बताए ।




खेलकुद र शिक्षाबीचको सम्बन्धबारे चर्चा गर्दै प्रबन्ध निर्देशक कार्कीले खेलकुदले अनुशासन, नेतृत्व, धैर्यता र आत्मविश्वास निर्माण गर्ने बताए । बिज एजुकेशनले खेल, कला र शिक्षालाई एउटै प्लेटफर्ममा जोड्दै आएको उनले जानकारी दिए ।ब्रान्ड एम्बासडर धामीले बिज एजुकेशनप्रति आभार व्यक्त गर्दै शिक्षा मात्र होइन, खेलकुद र युवाको समग्र भविष्यमा लगानी गरिरहेको संस्थासँग आबद्ध हुन पाउनु खुसीको कुरा भएको बताए । खेल र अध्ययन सँगसँगै अघि बढाउन सकिने उनको भनाइ थियो ।रासस

**Invitation for Bids**

**Madhesh Institute of Health Sciences**

**Janakpurdham, Dhanusha**

**Date of publication: 24th Dec. 2025**

1. Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha invites electronic bids from eligible bidders for The procurement of supply and delivery of Hospital Pharmacy Medicine under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000/- in the Project's Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** Laxmi Sunrise Bank Ltd, Janakpurdham, Dhanusha

**Name of Office :** Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha

**Office Code no. :** 3700017022

**Office Account no.:** 1681699536011101

**Rajaswa (revenue) Shirshak no.:** 14229

**Dharauti Khata No.:-** 161699540011103

4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 25th Jan. 2026. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02:00 PM on 25th Jan. 2026 at the office of The Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of amount mention below in the table, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. Total 120 days)

| S. N. | IFB No. | IFB/Contract Name | Bid Fee (NRs) | Bid Security (NRS) |
|---|---|---|---|---|
| 1. | MIHS/NCB/GOODS/ 2082-83/06 | The procurement of supply and delivery of Hospital Pharmacy Medicine Items. | 3000/- | 1,68,000/- |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The evaluation will be done on unit rate and the contract will be awarded to the bidder offering the lowest price of the individual commodities (Itemwise).
8. After Signing Of Contract this rate shall be valid for one fiscal year and bidder must supply the goods as per approved rate there may be decrease or increase in quantity in contract period. Purchaser shall issue the multiple purchase order as per requirement in differents dates.

**सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति २०८२/०९/०९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

**१.** धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. २३, जनकपुरधाम स्थित रजिष्टर्ड कार्यालय रही कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८ साल आश्विन महिना १४ गते रोज ५ मा दर्ता नं. २७३९१६/०७८/०७९ तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०७८/०८/१४ मा स्थायी लेखा नम्बर (PAN) ६१०११६१५३ अन्तर्गत दर्ता कायम भएको **रुना अटो इन्टरप्राइजेज प्रा.लि.** ।

२. धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय जनकपुर, धनुषामा मिति २०६९/०४/२३ रोज ३ मा प्रा.फ.र.नं. ४३३८/९०/०६९/७० स्थानिय व्यापार तथा आन्तरिक राजस्व कार्यालय जनकपुरमा मिति २०६९/०५/०६ मा स्थायी लेखा नम्बर (PAN) ३०५५४८८१२ अन्तर्गत दर्ता कायम भएको **सनराइज अटो** ।
**प्रोप्राईटर : सुशिल कुमार ठाकुर**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. दुखरण ठाकुरको बुहारी, सुशिल कुमार ठाकुरको पत्नी, धनुषा जिल्ला, साविक जनकपुर उ.म.न.पा. वडा नं. २३ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. २३ बस्ने **रानी ठाकुर** (ना.प्र.नं. १७-०१-७२-०७९९३, जारी मिति २०७२/११/०४, जि.प्र.का. धनुषा) । | २. फौदार ठाकुरको नाति, राम जुगुत ठाकुरको छोरा, धनुषा जिल्ला, साविक बिन्धी गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. २३ बस्ने **दुखरण ठाकुर** (ना.प्र.नं. १५८५१३९३, जारी मिति २०३३/०३/०४, जि.प्र.का. धनुषा) । |
| ३. राम जुगुत ठाकुरको नाति, दुखरण ठाकुरको छोरा, धनुषा जिल्ला, साविक बिन्धी गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. २३ बस्ने **सुशिल कुमार ठाकुर** (ना.प्र.नं. १५८२२८३९, जारी मिति २०५४/०५/१६, जि.प्र.का. धनुषा) । | ४. राम जुगुत ठाकुरको बुहारी, दुखरन ठाकुरको पत्नी, धनुषा जिल्ला, साविक बिन्धी गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. २३ बस्ने **रुना देवी** (ना.प्र.नं. १५८५१३९४, जारी मिति २०४२/०५/१८, जि.प्र.का. धनुषा) । |

५. दुखरण ठाकुरको नाति, सुशिल कुमार ठाकुरको छोरा, धनुषा जिल्ला, साविक बिन्धी गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. २३ बस्ने **बिकाश ठाकुर** (ना.प्र.नं. १७-०१-७६-०१९५५, जारी मिति २०७६/०२/०२, जि.प्र.का. धनुषा) ।

**धितोको विवरण**

१. **ऋणी २ को नाममा धितोबन्धकी कायम भई ऋणी १ को नाममा दोहोरो धितोबन्धक लिखत कायम रहेको** दुखरण ठाकुर ना.प्र.नं. १५८५१३९३, जारी मिति २०३३/०३/०४, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक विन्धी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. २३० को क्षेत्रफल ०-१२-०.५-० (बिघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. **ऋणी २ को नाममा धितोबन्धकी कायम भई ऋणी १ को नाममा दोहोरो धितोबन्धक लिखत कायम रहेको** रुना देवी (ना.प्र.नं. १५८५१३९४, जारी मिति २०४२/०५/१८, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक विन्धी गा.वि.स./न.पा. वडा नं. ४/क स्थित कि.नं. १८१७ र ११६६ को क्षेत्रफल क्रमश : ०-४-१८-० र ०-४-१६-१३ (बिघा) बमोजिमको घरजग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. रुना अटो इन्टरप्राइजेज प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
४. सनराइज अटोको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

Siddhartha Bank
शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं. ०४१-५९०८७१
Website : www.siddharthabank.com

# आन्तरिक पर्यटकको रोजाइ बन्दै बाह्रकुने दह



देउखुरी । घोराही उपमहानगरपालिका-१३ स्थित बाह्रकुने दह पछिल्लो समय आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको छ ।

आन्तरिक र बाह्य पर्यटकको गन्तव्यका रूपमा रहेको बाह्रकुने दहमा पछिल्लो समय पर्यटकको चहलपहल बढ्दै गएको छ। दहमा १२ कुना भएको हुनाले यसको नाम 'बाह्रकुने दह' रहन गएको हो। सुन्दर प्रकृतिको मनोरम दृश्य देखिने बाह्रकुने दहको सौन्दर्य अतुलनीय छ। लुम्बिनी प्रदेशको एउटा नमुनाका रुपमा रहेको छ । यो धार्मिक एवं पर्यटकीयस्थलका रुपमा चिनिने गरेको छ। बाह्र भाइ बराहमध्ये एक भाइ बाह्रकुनेमा बसेको भन्ने किंवदन्ती छ।

तुलसीपुर उपमहानगरपालिका-१७ का सीता पन्थी साथीहरुसँग बाह्रकुने दह घुम्न आउनुभएको भेटिनुभयो । टोलका आमासमूहबाट रमाइलो गरौँ भनेर वनभोज खान बाह्रकुने आएको उहाँले बताउनुभयो।

"तुलसीपुरमा हेरिरहेका धेरै ठाउँ थिए, घोराहीको बाह्रकुने हेर्ने अवसर मिलेको थिएन यहाँ आउँदा धेरै रमाइलो लाग्यो", पन्थीले भन्नुभयो, "वनभोज खाने, नाचगान गरेर रमाइलो गर्नेको भिडभाड नै हुने रैछ ।" यहाँको मन्दिर वरिपरिको वातावरण रमाइलो रहेछ, मन्दिर छेउमा रहेको तालमा डुङ्गा सयर गर्दा झनै आनन्द आयो ।" तालमा माछालाई चारो हाल्दा झन मज्जा आएको उहाँले बताउनुभयो।

घोराही उपमहानगरपालिका-१८ का मुना पोखरेल पनि शनिबार विद्यार्थी लिएर बाह्रकुने आएको बताउनुहुन्छ । घोराही बजारको नजिकै रहेको र यातायातको सुविधा भएकाले बिदाको दिन भएर होला धेरै भिडभाड भएको उहाँले बताउनुभयो । वनभोज खानेको उपस्थिति झनै धेरै देखियो। बाह्रैमहिना यहाँ भक्तजनको भिडभाड हुने गर्छ त्यसमा पनि मङ्सिरदेखि माघमा यहाँ धेरै भक्तजन आउने गरेको बराहक्षेत्र संरक्षण समितिका अध्यक्ष देवबहादुर घर्तीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बाह्रकुने दहमा बर माग्नका लागि भक्तजन आउने गर्दछन्, माघेसङ्क्रान्तिको दिन ठूलो मेला लाग्ने गर्दछ ।" त्यहाँ विशेषगरी निःसन्तान दम्पती सन्तानका लागि बर माग्न आउने गर्दछन् । यहाँ अन्य समयमाभन्दा माघेसङ्क्रान्तिमा निकै भीडभाड हुने गर्दछ। यहाँ १२ वटा आकारमा निर्मित प्राकृतिक ताल रहेको छ । त्यहाँ भैँडा र भालेको बलि दिइन्छ भने परेवा उडाउने गरिन्छ।

### ज्यामिरेमा डुङ्गा सरर

बाह्रकुने दहको उत्तरतिर रहेको ज्यामिरे दहलाई ठूलो बनाएपछि हरेक दिन आन्तरिक पर्यटक त्यहाँ पुग्ने गरेका छन् । अन्य दिनभन्दा बिदाको दिन बढी आन्तरिक पर्यटक त्यहाँ आउने गरेको ज्यामिरे दहमा डुङ्गा सञ्चालन गर्दै आउनुभएका वीरजङ्ग पुनले बताउनुभयो । जङ्गलबीचमा सुन्दर पर्यटकीय गन्तव्यका रुपमा रहेको तालमा जिल्ला र बाहिरबाट घुम्न आन्तरिक पर्यटक आउने गरेको पुनले बताउनुभयो । उहाँका अनुसार पछिल्लो समय दैनिक सरदर २०० देखि ३०० जनासम्म घुम्न आउने गरेका छन् ।

मङ्सिरदेखि वैशाख महिनासम्म बढी भीड हुने गरेको उहाँको भनाइ छ । विगत तीन वर्षदेखि ज्यामिरे दहमा डुङ्गा चलाउँदै आएका पुनले डुङ्गा चलाएरै मासिक रु १५ देखि रु २० हजारसम्म आम्दानी हुने गरेको बताउनुभयो । उहाँका अनुसार पछिल्लो समय डुङ्गा सवार गर्ने र वनभोज खान दैनिक रूपमा मानिस आउने गरेका छन् । डुङ्गामा चढ्न एक जनाको रु १०० टिकटको व्यवस्था गरिएको छ।

डुङ्गामा घुम्नका लागि १५ मिनेटदेखि २० मिनेटसम्म समय लाग्ने गरेको चालक पुनले बताउनुभयो । "सानो पोखरीलाई विस्तारसँगै डुङ्गा राखेर पर्यटक तान्ने काम भएको छ", उहाँले भन्नुभयो, "ज्यामिरे दह पर्यटकीय क्षेत्रका रूपमा विकास भएसँगै व्यापार हुन थालेको छ।"रासस

# फोहरजन्य वस्तु बिक्री गरी १० लाख आम्दानी



दमौली । सदरमुकामस्थित व्यास नगरपालिकाले फोहरजन्य वस्तु बिक्री गरी पाँच महिनामा रु १० लाखभन्दा बढी आम्दानी गरेको छ । फोहरका रुपमा सङ्कलन गरी पुनः प्रयोगयोग्य बनाइएका विभिन्न वस्तु बिक्री गरी नगरपालिकाले चालु आर्थिक वर्षको पाँच महिनाको अवधिमा रु १० लाख ५९ हजार ७०४ आम्दानी गरेको हो।

साउनदेखि मङ्सिरसम्म फोहर बिक्री गरी उक्त आम्दानी भएको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो । उहाँका अनुसार पानीका बोतल, आल्मुनियम, टिन, फलाम, कापी, किताब, गत्ता, टुक्रा कागज, सिसा बिक्री गरी उक्त आम्दानी भएको छ।

फोहरमैला व्यवस्थापनको चुनौती खेप्दै आइरहेको नगरपालिकाले घरबाटै फोहर वर्गीकरण गरी सङ्कलन गर्न थालेको छ। कुहिने र नकुहिने फोहरलाई छुट्टाछुट्टै वर्गीकरण गरी सङ्कलन गर्ने र बिक्री गर्न योग्य फोहर बिक्री गरी आम्दानी गरिएको लम्सालले बताउनुभयो । उहाँले भन्नुभयो, "एकै ठाउँमा सबै फोहर सङ्कलन गर्दा समस्या हुने भएकाले कुहिनेलाई छुट्टै गाडीमा र नकुहिनेलाई छुट्टै गाडीमा सङ्कलन भइरहेको छ ।" फोहरमैला व्यवस्थापनका लागि नगरपालिकाले सरसफाइ विज्ञ कृष्ण भण्डारीलाई नियुक्त गरेको थियो। भण्डारीकै सल्लाह बमोजिम कुहिने र नकुहिने फोहर वर्गीकरण गरी व्यवस्थापनको काम अगाडि बढेको हो।

नगरप्रमुख बैकुण्ठ न्यौपानेले भन्नुभयो, "उहाँले धनगढी, वालिङ लगायतका क्षेत्रमा सफलतापूर्वक फोहर व्यवस्थापन तथा सेग्रीगेसनको काम उदाहरणीय रुपमा सम्पन्न गरिसक्नुभएको छ। उहाँको सहयोगमा हामीले फोहर उठाउँदादेखि नै कुहिने र नकुहिने फोहर छुट्याउने तथा नकुहिने फोहरभित्र विभिन्न सिसा, प्लास्टिक, कागज जस्ता वस्तु छुट्याएर त्यसलाई मेसिनले कम्प्रेस गरी आम्दानी गर्न थालेका हौँ ।"

नगरपालिकाले नगरभित्रका प्रत्येक टोल, वडा, विद्यालयमा पुगेर फोहर वर्गीकरणका उपाय सिकाएको छ। नगरपालिकाले कार्यालय परिसरभित्र नकुहिने फोहरमध्येबाट कागज, सिसा, प्लास्टिकजन्य फोहरहरु छुट्याएर बिक्री गरिरहेको छ।

करिब ३२ वर्षसम्म फोहरमैला व्यवस्थापनको स्थायी समाधान गर्न नसकिएको बताउँदै न्यौपानेले भन्नुभयो, "विगतको मेरो कार्यकालमा प्रयत्न गर्दा गर्दै समस्या आयौँ, जग्गा व्यवस्थापनका लागि नगरपालिका लागिरहेको छ ।"नगरपालिकाले कुहिने फोहरलाई भने दुम्सीस्थित गौसंरक्षण केन्द्रमा व्यवस्थापन गरी त्यहाँबाट बायोग्यास उत्पादन गर्ने काम गरिरहेको छ। नगरपालिकाले बजार क्षेत्रका वडा नं २, ३ र ४ बाट दैनिक रुपमा फोहर सङ्कलन गर्दै आएको छ। नगरपालिकाका बजार क्षेत्रबाट दैनिक ११ टन फोहर सङ्कलन हुने गरेको छ।रासस

# कोरला नाका सञ्चालन भएपछि स्थानीयलाई रोजगारी




मुस्ताङ । नेपाल-चीन उत्तरी कोरला नाका पूर्णरुपमा सञ्चालनमा आएपछि विगत दुई वर्षदेखि माथिल्लो मुस्ताङका स्थानीयले रोजगारी प्राप्त गरेका छन् । कोरला नाकास्थित नेपालतर्फको दशगजा क्षेत्र र कोरलास्थित चीनतर्फ लिजी बजारमा माथिल्लो मुस्ताङीले व्यापार व्यवसाय सञ्चालन गरिरहेका छन् ।

यो नाका विसं २०८० कात्तिक २७ गतेदेखि खुला गरिएको थियो। त्यसअघि माथिल्लो मुस्ताङका नागरिकहरु कृषि पशुपालन र घरायसी कामधन्दामा सीमित थिए। सो नाका माथिल्लो मुस्ताङका नागरिकहरुका लागि मात्रै खुल्ला हुँदै आएकामा सरकारले अन्तरदेशीय व्यापारिक मार्गको रुपमा गत ३० भदौमा पूर्णरुपमा खुला गरको हो।

लोमान्थाङ-२ किम्लिङका स्थानीय लिन्डुप गुरुङ कोरला नाकामा त्रिपाल टाँगेर व्यापार गरिरहनुभएको छ । नाका नखुल्दा कृषि र पशुपालनमै सीमित गुरुङले कृषि र पशुपालनलाई थाती राखेर व्यापार गर्न थाल्नुभएको बताउनुभयो । यहाँ त्रिपाल टाँगेर व्यापार गर्ने करिव ८०/९० जना मध्ये हाल धेरैजसो जाडो छल्न बेँसी झरिसकेका छन् ।

यो नाका समुन्द्री सतहदेखि चार हजार ६१० मिटरको उचाइमा अवस्थित छ । नाकामा चिसोका कारण पर्यटकीय रौनक घटेपनि नाका बन्द नहुने जनाइएको छ। नाकामा व्यापार गर्नेहरुले आन्तरिक रुपमा ब्यापार व्यवसाय चलाउने आन्तरिक नियम बनाएका छन्। पर्यटकहरुलाई चिनिया उत्पादन बिक्री गर्न आलोपालो व्यापार गर्ने सहमति छ। त्रिपाल टाँगेर व्यापार गर्नेहरुका लागि एक जीप बराबर दुई जना ब्यापारीले ब्यापार गर्न पाउने र चार वटा मोटरसाइकल आएमा एक जीप बराबर दुई जनाले व्यापार गर्न पाउने नियम बनाएको स्थानीय ब्यापारी लिन्डुप गुरुङले जानकारी दिनुभयो।

नाकामा तीन सय जना भन्दा बढीले व्यापार व्यवसाय सञ्चालन गरेका छन् । यहाँ एक सय बढी युवाले लोड अनलोड र विद्युतीय गाडी तथा मालवाहक कन्टेनर भित्र लाने ल्याउने काम पाएका छन् । ती युवाहरुले दैनिक पाँचदेखि १० हजारसम्म आम्दानी गर्छन् ।रासस

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

सुचना प्रकाशन मितिः २०८२।०९।०९

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लि.,शाखा कार्यालय, मलगंवा**

| क्र. स. | ग्राहकको नाम थर | कर्जा मिसिल नं. | ठेगाना | बाबू/प्रो.को नाम | बाजे/ ससूराको नाम | उदेश्य | जम्मा सांवा रकम | २०८२।०९।०६ सम्मको ब्याज रकम (रु.) | २०८२।०९।०६ सम्मको जम्मा बूझाउनुपर्ने रकम | धितो मन्जूरिनामा दिने वा जमानत वस्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दुर्गा देवी अमात्य | ११३० | मलगंवा-९, सर्लाही | पशुपति लाल अमात्य | दिपक लाल अमात्य | घरायसी कर्जा | १,९००,०००।०० | ३६८,४११।५७ | २,२६८,४११।५७ | दिपेश राज अमात्य, दिपक लाल अमात्य, |
| २ | अजय मेडिकल हल | ७०७४ | मलगंवा-५, सर्लाही | प्रो. राम बली राय यादव | | ब्यापार कर्जा | ३,०००,०००।०० | १६९,८८६।५० | ३,१६९,८८६।५० | फेकनी कुमारी |
| ३ | अबधा किशोर राय | ८७८० | खैरबा-९, सर्लाही | राम एकवाल राय | खेलवान राय | शैक्षिक कर्जा | १९९,९९९।९९ | ६६२३५।७९ | २६६,२३५।७८ | |
| ४ | नागेन्द्र प्रसाद यादव | ९१३० | सक्रौल-७, सर्लाही | हरि दास राय | फाने राय | घरायसी कर्जा | ३००,०००।०० | ९,८९९।३० | ३०९,८९९।३० | |
| ५ | सोहेला वेगम | १०२६४ | मलगंवा-३, सर्लाही | भुइल मिया | | ब्यक्तिगत ओ.डी. | ५००,०००।०० | ३३,७२५।४९ | ५३३,७२५।४९ | हैदर अलि मिकरानी, तमन्ना वेगम |
| ६ | नरेश राय | ११४४० | सलेमपुर-९ | राम औतार राय | रघुनन राय | ब्यापार कर्जा | २००,०००।०० | ११,५३९।०६ | २११,५३९।०६ | |
| ७ | चन्दा देवी | ११७१८ | ब्रह्मपुरी-१, सर्लाही | मुनिन्द्र झा | बिनोद कुमार मिश्र | घरायसी कर्जा | ९७५,०००।०० | ४७,४१४।१२ | १,०२२,४१४।१२ | बिनोद कुमार मिश्र |
| ८ | संजिव कुमार राय | १२०१९ | कविलासी-९, सर्लाही | छठु राय | सियाराम राय | सरलकृषि कर्जा | ९५०,०००।०० | ५१,३२६।२८ | १,००१,३२६।२८ | सारदा देवी यादव |
| ९ | सुन्दरी यादव | १२०२७ | मलगंवा-८, सर्लाही | जमिदार राय | नन्दलाल राय | ब्यक्तिगत ओ.डी. | १९७,८५०।३९ | ४,६०१।१७ | २०२,४५१।५६ | |
| १० | सुरज मोटरसाइकल पार्टस | १२१७७ | गम्हरीया-४, सर्लाही | प्रो. विजय कु. साह | | ब्यापार कर्जा | ९२५,०००।०० | ५१,९८५।०९ | ९७६,९८५।०९ | |
| ११ | रायमन देवी | १२३०५ | सलेमपुर-१, सर्लाही | लक्ष्मी राय | पति- हरिचन राय | सरलकृषि कर्जा | ३००,०००।०० | २७,८१७।८० | ३२७,८१७।८० | |
| १२ | मालती प्रकाश सप्लायर्स | १२३१८ | सलेमपुर-१, सर्लाही | प्रो.राजेश कुमार यादव | | सरलकृषि कर्जा | १,६००,०००।०० | १०१८५०।८४ | १,७०१,८५०।८४ | |
| १३ | इन्द्रासन कुमारी देवी | १२३७७ | ब्रह्मपुरी-६, सर्लाही | राजपत साह | विन्देश्वर साह | सरलकृषि कर्जा | ९९९,८२५।४३ | ५१,३८०।०५ | १,०५१,२०५।४८ | रिता देवी, सुकेश्वर साह |
| १४ | दिपेन्द्र प्रसाद सिंह | १२५५१ | बलरा-७, सर्लाही | बद्रि प्रसाद सिंह | कालिका सिंह | सरलकृषि कर्जा | ७५०,०००।०० | ४२,३२७।७७ | ७९२,३२७।७७ | |
| १५ | सोहानी माछा पालन फर्म | १२६९७ | कविलासी-९, सर्लाही | प्रो. रेणु देवी यादव | | सहुलियत कर्जा | १,११४,२८५।७२ | १९९,६९७।०० | १,३१३,९८२।७२ | मिथलेश कुमार यादव, |
| १६ | गगन देव राय यादव | १२७०९ | खैरवा-४, सर्लाही | शिवशरण राय | गलुचन राय | सरलकृषि कर्जा | ९५०,०००।०० | ६२,०११।७१ | १,०१२,०११।७१ | राम अधार राय |
| १७ | रामराजी देवी राय | १२७१९ | सलेमपुर-१, सर्लाही | पुरण राय यादव | ज्ञानी राय यादव | सरलकृषि कर्जा | ८००,०००।०० | ९९,८३०।६८ | ८९९,८३०।६८ | |
| १८ | प्रेम लता देवी साह | १२७५१ | खैरबा-९, सर्लाही | विश्वनाथ साह | राम पुजन साह | सरलकृषि कर्जा | ९७५,०००।०० | ७६,३३३।२२ | १,०५१,३३३।२२ | राम पुजन साह |
| १९ | झगरु दास | १२७५८ | रामनगर-३, सर्लाही | राम धारी दास तत्मा | छठु दास | सरलकृषि कर्जा | ५९०,०००।०० | ४९,५२२।४२ | ६३९,५२२।४२ | राम बालक दास |
| २० | सिदियानन्द राय | १२७६९ | खैरवा-९, सर्लाही | विगु राय यादव | जलेश्वर राय यादव | सरलकृषि कर्जा | ९७५,०००।०० | ४५,५८५।६६ | १,०२०,५८५।६६ | मानकी देवी |
| २१ | आँसु किराना पसल | १२८१४ | कविलासी-७, सर्लाही | प्रो. बालमेश्वर साह कलवार | | ब्यापार कर्जा | १,०००,०००।०० | ६२,०६४।५९ | १,०६२,०६४।५९ | उषा कुमारी, अरबिन्द प्रसाद साह |
| २२ | ऋतिक कुखुरा फर्म | १२८५३ | चकरघट्टा-७, सर्लाही | प्रो. राम सरिखा कुमारी | | सहुलियत कर्जा | ८२०,०००।०० | १०७,२२१।६८ | ९२७,२२१।६८ | राज किशोर राय, नल किशोर राय |

**कृषि विकास बैंक लि.**
**प्रदेश कार्यालय बीरगंज, पर्सा**

## राजदेवी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
राजदेवी, रौतहट
मधेश प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मिति : २०८२/०९/०९

यस राजदेवी नगरपालिकाबाट मिति २०८२।०६।०९ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित ई-विडिंग मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार रितपुर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये सारभुतरुपमा प्रभावग्राही तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६४ को नियम ३१ (ङ) उपनियम ५ अनुसार आर्थिक प्रस्ताव खोली मुल्यांकन प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरु लाई उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | छनौट भएका फर्महरु | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | 2/RM/NCB-082-083 | १.जनकपुर कन्सट्रक्सन एण्ड टयूववेल ड्रिलिंग कम्पनी प्रा.ली., जनकपुर-१४ | राजदेवी नगर कार्यपालिकाको कार्यालय, राजदेवी, रौतहट मिति २०८२।०९।१६ गते (Dec 31, 2025) समय : ११:०० बजे। |

## लक्ष्मीनियाँ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशय को सुचना

सुचना प्रकाशित मिति – २०८२।०९।०९ गते

यस गाउँपालिकाको तपशिल बमोजिमको ठेक्का नं मा उल्लेखित कार्यको लागि विद्युतीय (e–GP) प्रणाली मार्फत प्रकाशित दरभाउपत्र आव्हानको सुचना अनुसार तोकिएको म्याद भित्र रितपुर्वक दर्ता हुन आएका दरभाउपत्रहरु मुल्याङ्कन समितिबाट न्युनतम मुल्याङ्कन भई सारभुत रुपमा प्राभावग्राही देखि स्वीकृतिको लागि तपशिल बमोजिमको दरभाउपत्र छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ उपदफा (२) र (३) तथा सार्वजनिक खरीद ऐन २०६३ को दफा ४७ को प्रायोजनार्थ दरभाउपत्र पेश गर्ने सम्बन्धी सबैको जानकारीको लागि यो ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्रदाता को नाम र ठेगाना | कबोल अंक (VAT र PS वाहेक) |
|---|---|---|---|---|
| १ | LAX/WORKS/ 01-2082/83 | Laxminiya Janta Madhyamik vi ko pra vi ko adhuro bhawan nirman karya | M/S Kuwar Construction, Kshireshwarnath Municipality – 5, Dhanusha | १४८९४३१।१५ |

प्रमुख प्रशासकीय अधिकृत

# सद्भावना वरिष्ठ नेता मण्डलको निधन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल सद्भावना पार्टीका वरिष्ठ नेता बद्री मण्डलको ८७ वर्षको उमेरमा निधन भएको छ । मंगलबार बिहान गृहनगर विराटनगरमा उनको निधन भएको पार्टीका अध्यक्ष अनिलकुमार झाले जानकारी दिएका छन् ।



२०५४ सालमा नेपाल सद्भावना पार्टीमा प्रवेश गरेदेखि मधेस, मधेसी र मधेसवादका लागि अन्तिमसम्म लडेका मण्डल ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासनकालमा भने पार्टी छाडेर मन्त्री बनेका थिए, जसका कारण उनको निकै आलोचनासमेत भएको थियो । ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासन गएपछि उनी फेरि मधेस फर्किएका थिए ।

गजेन्द्रनारायण सिंहको निधनपछि उनी नेपाल सद्भावना पार्टीका अध्यक्षसमेत भएका थिए । तर राजविराजमा भएको चौथो महाधिवेशनबाट उनलाई पार्टीबाट हटाउने प्रयास भएको थियो । भरतविमल यादव, ह्रदयेश त्रिपाठी, राजेन्द्र महतो, रामेश्वरराय यादवलगायत नेताहरू मण्डललाई पार्टीबाट हटाउन प्रयासमा लागेका थिए, तर उनी सत्ता रहेकाले त्यो सम्भव भएन ।

अन्ततः पार्टी नै विभाजन भयो । गजेन्द्रनारायणकी श्रीमती आनन्दीदेवी सिंहलाई अध्यक्ष बनाएर नेपाल सद्भावना पार्टी (आनन्दी देवी) गठन हुँदा उनी त्यसमा संलग्न भएका थिए ।

नेपाल सद्भावना पार्टीको अध्यक्ष भएका मण्डलले २०६१ सालमा ज्ञानेन्द्र शाहलाई समर्थन गरेका थिए, त्यस समयमा उनी उपप्रधानमन्त्रीसम्म हुन सफल भएका थिए । तर पार्टीभित्र चर्को विरोध भएपछि उनले अध्यक्ष पदबाट राजीनामा गरेका थिए, पछि लक्ष्मण लाल कर्ण कार्यवाहक अध्यक्ष बनेका थिए ।

कार्यवाहक अध्यक्ष रहेका कर्णले नेपाल सद्भावना पार्टी र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) बिच एकीकरण गराएका थिए । यद्यपि पार्टीभित्र विवाद भइरहेको थियो । ज्ञानेन्द्रको शासनपछि लामो समय निष्क्रिय रहेका मण्डल केही समय राजेन्द्र महतोको सद्भावना पार्टीमा पनि सहभागी थिए । सद्भावना पार्टी अन्य पार्टीहरूसँगको एकतापछि 'राजपा नेपाल' बन्यो । तर मण्डल पुनः राजनीतिमा निष्क्रिय भएका थिए ।

पछि नेपाल सद्भावना पार्टीलाई रामकुमार महतोले निर्वाचन आयोगमा दर्ता गराएर पुनर्जीवित गरे, जसको सर्वमान्य नेता उनै मण्डल भएका थिए । हाल उनी यही पार्टीको वरिष्ठ नेता थिए । सद्भावनाका अध्यक्ष झाले उनको निधनबाट परिवारले अभिभावक त गुमाएको महसुस भइरहेको बताएका छन् । उनको देहावसानले मधेसवादी राजनीतिलाई अपूरणीय क्षति भएको मधेश केन्द्रित दलहरुले बताएका छन् ।

# चिसो बढेसँगै जलन र हाइपोथर्मियाको बिरामीमा वृद्धि

**बाहिरी चिसोको प्रभावले शरीरको तापक्रम कम भएपछि चिसो छल्न आगो ताप्ने क्रममा जलन हुने र लामो समयसम्म चिसोमा बस्दा शरीरको तापक्रम असामान्य रुपमा घटेर हाइपोथर्मियाको समस्या देखिन थालेको चिकित्सकहरुले बताएका छन् ।**

**सुभाष कर्ण**

जनकपुरधाम । केही दिनदेखि तराई-मधेश क्षेत्रमा अत्यधिक बढेको चिसोले जलन र हाइपोथर्मियाका बिरामीहरु बढन थालेको छ ।

अहिले प्रादेशिक अस्पताल जनकपुरधाममा जलन र हाइपोथर्मियाका बिरामीहरू बढी संख्यामा आउन थालेका छन् । अस्पतालका अनुसार दैनिक औसत ४/५ सयको संख्यामा आउन बिरामी मध्ये बढी बिरामी चिसोले प्रभावित रहेका हुन्छन् । ती मध्ये बढी हाइपोथर्मिया र जलनको बिरामी रहेका छन् ।

अस्पतालमा उपचारका लागि आउने अधिकांश बिरामी गरिब, मजदुर, वृद्ध-वृद्धा, बालबालिका तथा खुला स्थानमा बसोबास गर्ने ग्रामीण क्षेत्रका हाइपोथर्मिया तथा जलनको रहेको प्रादेशिक अस्पताल जनकपुरधामका निर्देशक डा. जामुन सिंहले जानकारी दिएका छन् ।

उनी भन्छन् 'अहिले उपचार गराउने आउने बिरामी मध्ये अधिकांश हाइपोथर्मिया, जलन, भाइरल निमोनिया, कोल्ड डाइरिया, दमएटैक, हर्ट एटैक लगायतका चिसोले प्रभावित रहेका छन् । ती मध्ये बढी संख्या हाइपोथर्मिया, जलन र भाइरल निमोनियाका बिरामी रहेका छन् ।'

बाहिरी चिसोको प्रभावले शरीरको तापक्रम कम भएपछि चिसो छल्न आगो ताप्ने क्रममा जलन हुने र लामो समयसम्म चिसोमा बस्दा शरीरको तापक्रम असामान्य रूपमा घटेर हाइपोथर्मियाको समस्या देखिन थालेको चिकित्सकहरूले बताएका छन् ।




निर्देशक डा. सिंहका अनुसार, "हाइपोथर्मिया भनेको शरीरको तापक्रम ३७ डिग्री सेल्सियसभन्दा तल झर्नु हो । लामो समयसम्म अत्यधिक चिसो वातावरणमा रहँदा शरीरले आफूलाई तातो राख्न नसक्दा यस्तो अवस्था आउँछ । तर हाम्रो मधेशतिर दाउरा, कोइला र गोइठाको बालिएको आगो (अगेना) घरको झ्याल ढोका राख्ने कारणले गर्दा त्यसबाट निस्किने धुँवा र आगोको तापक्रम बाहिर निस्किन नसक्दा हाइपोथर्मियाको अवस्था आउंछ ।"

डा. सिंहले कुहिरो, चिसो हावा, पर्याप्त न्यानो लुगा नलगाउनु, भिजेको कपडा लगाएर बस्नु, राति खुला स्थानमा सुत्नु तथा पोषणको कमी हाइपोथर्मियाका मुख्य कारण हुन् । तर हाम्रो मधेशतिर घरभित्र आगो बाल्दा त्यसबाट निस्किने धुँवा र आगोको अत्यधिक तापले आक्सीजन कम गरी कार्बनडाइक्साइडबाट निस्किने मोनो कार्बनडाक्साइडले साँससँगै शरीरमा जाँदा प्वाजनिंग भएर सांस फेर्ने समस्या भई हुने गरेको छ । यसले गर्दा हार्ट एटैक, बेहोसी र ज्यानसम्म जाने गरेको छ ।

उनका अनुसार नवजात शिशु र साना बालबालिका, वृद्ध-वृद्धा, गरिब, दैनिक ज्यालादारी मजदुर र सडकमा बसोबास गर्ने व्यक्ति, दीर्घरोगी (दम, मधुमेह, मुटुरोगी), कुपोषित व्यक्ति र गर्भवती महिला लगायतका बढी हाइपोथर्मियाबाट प्रभावित हुने गरेका छन् । जसमा सबभन्दा बढी वृद्धवृद्धा र नवजात शिशुको संख्या बढी छ ।

डा. सिंह भन्छन्, "यी समूहमा शरीरको ताप सन्तुलन क्षमता कमजोर हुने भएकाले हाइपोथर्मिया छिटो देखिन सक्छ ।"

अस्पतालमा आउने हाइपोथर्मियाका बिरामीमा अत्यधिक जाडो लाग्नु, सांस फेर्न समस्या हुनु, शरीर काप्नु वा अकडिनु, बोली अस्पष्ट हुनु, बेहोस हुने, छाला चिसो र नीलो देखिनु र हर्ट एटैक जस्ता छन् ।

डा.सिंहले हाइपोथर्मियाबाट बच्न घरको झ्याल ढोका बन्द गरेर आगो नबाल्ने, चिसोबाट बच्न न्यानो कपडा लगाउने, विशेषगरी बिहान र राति बाहिर ननिस्कने, आगो ताप्दा अत्यन्त सावधानी अपनाउने, नवजात शिशुलाई कपडा फुकालेर जिउजिउमा टाँसेर राखि न्यानो लुगा लगाएर आफ्नो शरीरबाट गर्मी दिने, प्रोटीनयुक्त दाल, गेंडागुडी, झोलीय पदार्थ, अण्डा, केरा, तीलको लड्डु र जाउलो लगायतका खाना खानुपर्छ ।

चिसोले शरीर अकडिएको वा अत्यधिक जाडो लागेको खण्डमा, सांस फेर्न गाह्रो भएमा वा बेहोसी (मुर्छा) जस्ता समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाने उनको सुझाव छ ।

किन बढी रहेको चिसो महिनामा हाइपोथर्मियाका बिरामी भन्ने प्रसँग उनले गरीबी र जनचेतनाको आभावमा मधेशका ग्रामीण क्षेत्रमा हाइपोथर्मियाका बिरामी बढिने गरेको बताउंछन् । उनले भने मधेश प्रदेशमा गरीबको संख्या बढी छ । अधिकांशसँग शरीरभरी ढाक्ने गरी न्यानो लुगाको आभावमा आगो बालिएको अगेना ताप्ने र प्रोटिनयुक्त पोषिलो खानाको आभावले बढेको हो ।

अर्कोतर्फ जनचेतनाको आभाव सबै कुराको पर्याप्ता भएपनि त्यसको सदुपयोग नगर्ने कारणले शहरी र समृद्ध परिवारका व्यक्तिमा यस्ता समस्या देखिने गरेको छ ।

# यादव पुनः कांग्रेसमा फर्के

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका नेता सन्तोष यादव पुनः आफ्नो पुरानो राजनीतिक पार्टी नेपाली कांग्रेसमा फर्केका छन् ।

लामो समयपछि कांग्रेसमा पुनः आबद्ध भएका यादवलाई पार्टीका सहमहामन्त्री महेन्द्र यादवले स्वागत गर्दै पार्टीमा फर्काएका हुन् ।

सहमहामन्त्री यादवले सन्तोष यादवको राजनीतिक अनुभव, पार्टीप्रतिको योगदान र जनतासँगको निकट सम्बन्ध कांग्रेसका लागि महत्वपूर्ण हुने विश्वास व्यक्त गरेका छन् ।

उनी पुनः कांग्रेसमा फर्किनु पार्टीको संगठन सुदृढीकरण र जनआधार विस्तारका दृष्टिले सकारात्मक सन्देश भएको उनको भनाइ छ ।



सन्तोषले नेपाली कांग्रेससँगको आफ्नो ऐतिहासिक सम्बन्ध स्मरण गर्दै लोकतन्त्र, समावेशिता र जनताको अधिकारका लागि पार्टीको विचारधारामा रहेर सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले पार्टीले अघि सारेका नीति तथा कार्यक्रमलाई जनस्तरसम्म पुऱ्याउन आफू क्रियाशील रहने बताए । प्रदेशको पछिल्लो निर्वाचनमा टिकट पाउने आश नदेख्दा उनी एमालेमा प्रवेश गरेका थिए ।

# फरार कैदी मध्ये ११ जना पक्राउ

**टुडे समाचारदाता**

लहान । सिरहा प्रहरीले जेनजी आन्दोलनका क्रममा गत २४ भदौमा देशका विभिन्न बाल सुधार गृह तथा कारागारबाट फरार भएका कैदीबन्दीमध्ये हालसम्म दुई नाबालकसहित ११ जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाले जनाए अनुसार पक्राउ पर्नेहरुमा जलेश्वर, नख्खु, जगन्नाथ देवल, सप्तरी, सिन्धुली, केन्द्रीय कारागार तथा वीरगञ्जस्थित बाल सुधार गृहबाट फरार भएका कैदीबन्दीहरू रहेका छन् ।

पक्राउ परेकामध्ये नौ जनालाई सम्बन्धित कारागार तथा सुधार गृहमा बुझाइसकिएको छ भने बाँकी दुई जनालाई बुझाउने प्रक्रिया जारी रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी निरीक्षक ओमप्रकाश पण्डितले फरार कैदीबन्दीहरूलाई पक्राउ गरी कानुनी प्रक्रिया पूरा गर्ने कार्य तीव्र रूपमा अघि बढाइएको जानकारी दिए । उनका अनुसार अन्य फरारहरूको खोजी तथा निगरानी पनि निरन्तर जारी छ ।

यसैबीच, सिरहाकै धनगढीमाई नगरपालिका-११ डाबरटोलस्थित चितवा खोला नजिक बेवारिसे अवस्थामा एक नाल भरुवा बन्दुक फेला परेको छ । सो बन्दुक स्थानीयले देखेपछि प्रहरीलाई जानकारी गराएका थिए ।

इलाका प्रहरी कार्यालय लहानले बरामद बन्दुकको स्रोत, प्रयोग तथा कसले त्यहाँ राखेको हो भन्ने विषयमा अनुसन्धान अघि बढाएको जनाएको छ । प्रहरीले सुरक्षा सतर्कता बढाउँदै जिल्लाभर शंकास्पद गतिविधिमाथि निगरानी कडा बनाएको जनाएको छ ।

# शुक्रवासम्म विद्यालय बन्द

**टुडे समाचारदाता**

रौतहट । गत चार दिनदेखि बढेको चिसोका कारण रौतहटको गौर नगरपालिकाले गौर नगर क्षेत्रभरिका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा आउँदो शुक्रबारसम्मका लागि बिदा दिएको छ ।

सोमबार गौर नगरपालिकाले सूचना जारी गर्दै पुस ११ सम्मका लागि विद्यालयमा बिदा दिएको हो । केही दिनदेखि अत्यधिक चिसो बढेका कारण विद्यालयमा पठनपाठनमा असहजता भई बालबालिकाको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरलाई मध्यनजर गर्दै गौर नगर क्षेत्रभरिका सम्पूर्ण विद्यालयमा बिदा दिइएको गौर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवासकुमार ठाकुरले जानकारी दिए ।



बर्खे बिदाबाट कट्टा हुनेगरी विद्यालयमा बिदा दिइएको उनले बताए । केही दिनदेखि बढेको शीतलहर र चिसोका कारण रौतहटको जनजीवन प्रभावित बनेको छ ।

# पांचौ अन्तरविद्यालय क्रिकेट शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा विद्यालयस्तरका खेलाडीको प्रतिभा पहिचान र क्रिकेटको विकास गर्ने उद्देश्यले पाँचौं अन्तरविद्यालय क्रिकेट प्रतियोगिता बुधबारदेखि सुरु हुने भएको छ ।




स्थानीय रंगभूमी मैदानमा जनकपुर स्पोर्ट्स क्लब र न्यू भिजन नेपालको संयुक्त आयोजनामा प्रतियोगिता सञ्चालन हुन लागेको हो । प्रतियोगिताको पूर्वसन्ध्यामा मंगलबार जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साह र उपमहानगरपालिकामा कार्यरत सफाइ कर्मचारी सिताराम मेस्तरले संयुक्त रूपमा ट्रफी अनावरण गरेका छन् ।

ट्रफी अनावरण कार्यक्रममा समाजका सबै वर्ग र पेशाप्रति समान सम्मानको सन्देश प्रवाह गर्न जनप्रतिनिधि र कर्मचारीलाई सहभागी गराइएको आयोजकले जनाएको छ ।

राष्ट्रिय क्रिकेट खेलाडी हरिशंकर साहले समाज रूपान्तरणका लागि खेललाई माध्यम बनाउँदै सम्मान, समावेशिता र समानताको सन्देश व्यवहारमै लागू गर्न ट्रफी अनावरण कार्यक्रम फरक ढंगले आयोजना गरिएको बताए ।

प्रतियोगितामा जनकपुरधामसहित आसपासका २४ वटा विद्यालयका टिमले सहभागिता जनाउने सो प्रतियोगिता बारहविघा मैदानमा आयोजना गरिनेछ भने प्रतियोगिताको उद्घाटन खेल बुधबार मदर टेरेसा स्कुल र याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय ज्ञानकुपबीच हुनेछ ।

गत वर्ष सम्पन्न भएको यही प्रतियोगिताको उपाधि मदर टेरेसाले नै जितेको थियो । आयोजकसंस्थाकाप्रतिनिधिप्रशान्त अरवीन्दले विद्यालयस्तरबाटै खेल र खेलाडीको विकास गर्नु प्रतियोगिताको मुख्य लक्ष्य रहेको बताए ।

# विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन आग्रह

**टुडे समाचारदाता**

जलेश्वर । बढ्दै गएको अत्यधिक शितलहर र चिसोको दृष्टिगत गर्दै जिल्ला प्रशासन कार्यालय महोत्तरीले विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय तह, डिभिजन वन कार्यालय तथा सरोकारवाला निकायलाई समन्वय र सहकार्यका लागि आग्रह गरेको छ ।



जिल्ला प्रशासन कार्यालयका अनुसार शितलहरबाट प्रभावित नागरिकलाई राहत दिन सहुलियत दरमा दाउरा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

डिभिजन वन कार्यालय तथा जिल्ला वन पैदावर आपूर्ति समितिबाट माग अनुसार दाउरा उपलब्ध भइरहेको प्रशासनले जनाएको छ । यसले विशेषगरी विपन्न तथा जोखिममा रहेका समुदायलाई राहत पुग्ने विश्वास लिइएको छ । यस्तै, अति विपन्न तथा आवश्यक परिवारका लागि न्यानो लुगा उपलब्ध गराउने जिम्मेवारी स्थानीय तहहरूले लिएका छन् ।

स्थानीय तहमार्फत आवश्यकता अनुसार न्यानो कपडा वितरण तथा व्यवस्थापन भइरहेको र यस कार्यमा गैरसरकारी संस्था तथा अन्य सरोकारवालाको सहकार्य आवश्यक रहेको प्रशासनको भनाइ छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले शितलहर व्यवस्थापनलाई थप प्रभावकारी बनाउन जिल्लास्थित सम्पूर्ण स्थानीय तह, गैसस, सामाजिक संघसंस्था तथा अन्य सरोकारवालालाई सक्रिय भूमिका निर्वाह गर्न अनुरोध गरेको छ ।

प्रशासनले समन्वय र सहजीकरणमार्फत नागरिकलाई सुरक्षित राख्न सबै निकायको साझा प्रयास अपरिहार्य रहेको समेत उल्लेख गरेको छ ।

**उपभोक्ताको सूचना पाउने हक सुनिश्चित गरौं ।**

- वस्तु तथा सेवा प्रदायकले आफ्नो उत्पादक/सेवाका बारेमा तथ्यपूर्ण जानकारी दिऔं ।
- गुणस्तर, मूल्य, मात्रा, प्रयोगको अन्तिम म्याद, जोखिम तथा प्रयोग विधि सार्वजनिक गरौं ।
- झुट्टा दावी, भ्रमपूर्ण प्रचार, अतिरिञ्जत विज्ञापन नगरौं/नगराऔं ।
- उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरौं/गराऔं ।
- उपभोक्ताको तथ्यपूर्ण सूचना पाउने हकको संरक्षण गरौं ।
- उपभोक्ता हकको संरक्षणलाई सामाजिक जिम्मेवारी रुपमा लिऔं ।
- सबै वर्ग र समुदायका उपभोक्ताले सजिलै बुझ्ने भाषा, माध्यम र प्रस्तुति गरौं ।
- अनुचित व्यापारिक क्रियाकलाप तथा उपभोक्ता छल्ने प्रवृत्तिको अन्त्य गरौं ।
- उपभोक्तालाई मर्का परे उजुरी दिने लिने व्यवस्था मिलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८